
साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४५ अंक ९ २०८३ असोज ६ गते मंगलबार (Sep. 22, 2026) मूल्य रू. १०/-

## आप्रवासी नेपाली साहित्यको इतिहास



प्रा.डा.खगेन्द्रप्रसाद लुइटेलको विश्वभरका नेपाली साहित्यको प्रथम अभिलेख 'आप्रवासी नेपाली साहित्यको इतिहास' प्रकाशित भएको छ । यो पुस्तक नै आप्रवासी नेपाली साहित्यको पहिलो आधिकारिक इतिहास हो । यो कृतिमा नेपाली जाति पुगेका नेपाली डायस्पोराको साहित्य, कला, संस्कृति, दर्शन र इतिहासको अभिलेखीकरण गरिएको छ ।

यो कृतिको पहिलो खण्डमा आप्रवास, आप्रवासी र डायस्पोरासम्बन्धी सैद्धान्तिक पक्षको विस्तृत अभिलेख छ भने दोस्रो खण्डमा विभिन्न मुलुकमा सिर्जना भएको नेपाली साहित्यको विधागत इतिहासको इतिवृतान्त रहेको छ । यो कृति नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण र विश्वव्यापीकरणको दस्तावेज बनेको छ ।

नेपाली वाङ्मयको विकासमा डायस्पोराको अविश्मरणीय योगदान रहेको छ । विश्वका ३२ भन्दा बढी मुलुकमा रहेका नेपालीको साहित्य पनि समावेश छ ।

## मधेशदेखि राजधानीसम्म आन्दोलन





रास्वपाका सांसद हुन् अमरेशकुमार सिंह । उनी बालेन सरकारको कडा आलोचक बन्दै आएका छन् । भारतसँग निकट सम्बन्ध रहेका मानिने अमरेशले मेची महाकाली पदयात्रा गर्दैछन्, बालेन विरूद्धको माहोल तैयार गर्नका लागि ।

प्रचण्ड : त्यसैपनि प्रतिपक्षी । हाम्रो अनुहारसम्म हेर्न नहुने, मै जान्ने, म नै सवैथोक ठान्ने भनेर प्रम बालेनको आलोचना गर्दै आएका छन् । प्रम बालेन साह भ्रष्टाचारीको अनुहार नहेर्ने भनेर संसदमा समेत मन्त्रीलाई खटाउने गरेका छन् । दशैपछि उनले सडक तताउने र सरकार ढाल्ने रणनीतिमा रहेको बताएका छन् ।

उपेन्द्र यादव । जसपाका अध्यक्ष । मधेशको शासन र प्रशासन आफैले चलाउन मधेश तात्नैपर्ने उनको ठहर छ । यी तीनले बालेनलाई हुत्याउलान् त ?

## दसैंपछि बिद्रोहको आगो बाल्ने



माओवादीबाट नेकपा बनाउन पुगेका प्रचण्डले दसैतिहारपछि रास्वपाविरूद्ध सडकमा आगो बाल्ने बताएका छन् । सडक आन्दोलन गर्न मधेसवादी नेताले पनि धमास दिएका छन्, तर जनताले प्रचण्ड वा मधेशवादीलाई साथ देलान् र ? ओली र प्रचण्ड आफै आफ्नो नेतृत्वप्रति पार्टीभित्रै बिबादित रहेका छन् । आफ्नै घर मिलाउन नसकिरहेका नेताले आन्दोलन गर्ने विश्वास देखिदैन ।

प्रचण्डले बालेन सरकारलाई तथाकथितको आरोप लगाउँदै सुकुम्बासी तथा अव्यवस्थित नागरिक, मजदुर, किसान, विद्यार्थी तथा ट्रेड युनियनमाथि दमन गरेको आरोप लगाएका छन् भने ओलीले बालेन सरकारलाई बतासे फूल भनेका छन् । यी दुबै नेता भित्रभित्रै प्रतिपक्षी सबैलाई एकठाउँमा ल्याएर जबरजस्त सडक आन्दोलन गर्ने वातावरण सिर्जना गर्न थालेका देखिन्छन् । ओली, प्रचण्डको बुझाइ छ- बालेनको गतिविधि र कार्यशैलीले जनतामा भ्रम हट्दै गएको छ । जनतामा फेरि पुरानैदल, नेता र उनीहरूको एजेन्डाप्रति आकर्षण बढ्दै गएको

# राष्ट्रसंघमा हिमाल र मानवता



प्रधानमन्त्री बालेन साह आज अमेरिकाका लागि उड्नेछन् । पर्सी ८ गते राष्ट्रसंघको बैठकलाइ संवोधन गर्नेछन् । बालेन साह हिमाल बोल्नेछन्, जलवायु परिवर्तनले नेपाललाई कसरी तहस नहस गऱ्यो, जलवायु परिवर्तनबाट आउनसक्ने प्रकोपलाई कसरी रोक्न सकिन्छ, कसरी सामना गर्न सकिन्छ, विश्वशक्ति-औद्योगिक कार्वन उत्सर्जनबाट नेपालले यो नोक्सानी बेहोर्नुपरेको छ, राहत, उद्धार र पुननिर्माणमा हिमालले, नेपालले न्याय पाउनुपर्छ भन्ने आवाज उठाउने तथा साइडलाइनमा विश्व नेताहरूसँग भेटवार्ता गरेर नेपाललाई न्याय दिलाउन प्रम बालेनले जबरजस्त लविङ गर्नेछन् भन्ने विश्वास नेपालभरि जागेको छ ।

यो विश्वास जाग्नुको आधार के पनि छ भने नेपालमा जेनजी पुस्ताले विद्रोह गरेर सत्ता उल्ट्याए, बालेन सत्ता सिर्जना गरे, ३५ वर्षे युवालाई नेपाली जनताले अपार जनादेश दिए । ती बालेन कस्ता होलान् ? तिनको बौद्धिक स्तर, तिनको राष्ट्र बनाउने सोच जान्न विश्वका कतिपय नेताहरूले भेट्ने इच्छा देखाएका छन् । राष्ट्रसंघका महासचिवले पनि भेट्नेछन्, यसकारण पनि राष्ट्रसंघमा नेपालको यसपालीको सहभागितालाई अर्थपूर्ण रूपमा हेरिएको छ । धेरले सामाजिक सञ्जालमार्फत प्रम बालेनलाई सुझाव दिएका छन् ।

हुन त तत्कालीन प्रम माधवकुमार नेपालले सन २००९ मा हिमालको काख कालापत्थरमा मन्त्रिपरिषदको बैठक गरेर राष्ट्रसंघमा हिमालको चित्कार सुनाउने प्रयास गरेका थिए । तर ढङ्ग नपुग्दा विश्वजगतले गम्भीरतासाथ लिएन । जलवायु परिवर्तनले कठोर स्वरूप धारण गर्दै गयो, पृथ्वीको तामक्रम बढ्दै गयो । हिमबाढी, हिम पहिरोका अनेक घटना घटित हुँदै गए । जलवायु परिवर्तनले कृषि, जनजीवन, पूर्वाधार सबैतिर बिनासका श्रृङ्खला बढाउँदै लगेको थियो ।

सन २०११ मा डा.बाबुराम भट्टराई प्रधानमन्त्री बनेको बेला उनी राष्ट्रसंघ पुगेका थिए । राष्ट्रसंघको त्यो मञ्चमा लोकेन्द्रबहादुर चन्द, झलनाथ खनाल र सुशीला कार्कीले भने भाग लिने अवसर गुमाएका थिए । उनले जलवायु परिवर्तनको मुद्दालाई उठाएका थिए । जलवायु परिवर्तनको मुद्दा ठूलै चुनौती हुने बताएका थिए । त्यो बोलीलाई विश्वले सुनवाई गरेन ।

प्रधानन्यायाधीश र प्रधानमन्त्री दुबै जिम्मेवारी निभाएका खिलराज रेग्मी सन २०१३ मा राष्ट्रसंघ पुगेर संवोधन गर्ने अवसर पाउने व्यक्ति हुन्, उनले जलवायु परिवर्तन र कम विकसित देशलाई सहयोग गर्नुपर्ने बताएका थिए ।

सन २०१७ मा शेरबहादुर देउवा प्रम थिए, राष्ट्रसंघको मञ्चमा पुगेर जलवायु परिवर्तन र विपत्का मुद्दा दह्रोसँग राखेका थिए । उनले विश्वमा हतियारका लागि खर्च हुने खर्बौं डलरको केही हिस्सा कम विकसित देशका लागि खर्च गर्न मा गरेका थिए ।

माओवादी अध्यक्ष प्रचण्डले सन २००८ र २०२३ को राष्ट्रसंघको साधारण सभामा सहभागी भएका थिए । उनले जलवायु मुद्दामा जोड दिएकै हुन् । जोखिमबारे बताएकै हुन् । हिमाल जोगाउनु हिमाल मात्र जोगाउनु नभएर 'मानवता' जोगाउनु भएको प्रचण्डले त्यतिबेला भनेका थिए ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले सन २००६, २०१९, २०२४ गरी ३ पल्ट राष्ट्रसंघमा भाग लिएका थिए । उनले प्राकृतिक प्रकोपबारे बोलेका थिए । तर पूर्वप्रधानमन्त्रीहरू गम्भीर भएनन्, राष्ट्रसंघमा सहभागी हुने र अमेरिकी राष्ट्रपतिसँग फोटो खिचाएर फर्कने र नेपालमा फुइँकी लगाएर फोटो प्रचार गर्नेमा सिमित हुनपुगे । उपलब्धि शून्य भयो ।

यसपल्ट प्रम बालेन साहले अमेरिकी राष्ट्रपतिले दिने भोजमा सामेल हुनेछैनन्, फोटो सेसन पनि गर्नेछैनन् । तर राष्ट्रसंघमा जोडदार आवाज उठाएर साइडलाइनमा केही मुलुकका राष्ट्राध्यक्ष र सरकार प्रमुखहरूसँग भेटवार्ता गरेर तत्काल नेपाल फर्कने कार्यक्रम छ । नेपालका प्रम बालेन साहले हिमालको चित्कार र मानवताको संवेदनशीलताको हृदयस्पर्सी संवोधन गरेर विश्वको ध्यान नेपालतिर तान्न सफल हुनुपर्नेछ । हिमाल नरहे २ खर्ब मानिसले पिउने पानीको संकट बेहोर्नुपर्ने, मानवता नरहे विश्व नै तहस नहस हुनसक्ने आवाज उठाउने र विश्वलाई झक्झक्याउने अवसर प्रम बालेन साहलाई प्राप्त भएको छ । यसकारण पनि केही समय निकालेर प्रम बालेन साह राष्ट्रसंघ जाँदैछन् ।

राष्ट्रसंघमा नेपाल देखिने होइन, नेपालको आवाज विश्वसमुदायले कान ठाडो पारेर सुनाउने जिम्मेवारी बालेनमा छ ।

सिङ्गो नेपाली र राजनीतिक दलहरूले उनलाई साहस र शक्ति, उत्साह दिनुपर्छ । राजतन्त्रकालमा नेपालको आवाज सुन्थे, अब फेरि सुन्नैपर्ने बनाउनुपर्नेछ ।



# नेपालको पुँजीको विरोधाभास : पैसा प्रशस्त, लगानी न्यून

गालब बहादुर ढुंगाना

नेपालको सार्वभौम साख मूल्याङ्कन आर्थिक बहसको स्वाभाविक केन्द्र बनेको छ । फिचले नेपाललाई BB- मूल्याङ्कन दिएको छ, जुन लगानीयोग्य स्तरभन्दा तल पर्छ । मूल्याङ्कन सुधार भएमा देशको जोखिमबारेको धारणा र त्यसको मूल्य दुवै घट्नेछ । अन्तर्राष्ट्रिय बैंक र बहुराष्ट्रिय कम्पनीका लागि यो मूल्याङ्कन वास्तविक महत्त्व राख्छ । यसकै आधारमा उनीहरूले कुनै देशमा कति जोखिम लिने भन्ने आन्तरिक सीमा निर्धारण गर्छन् र नेपालको कुनै प्रस्ताव लगानी समितिसम्म पुग्छ कि पुग्दैन भन्ने पनि यसैले निर्क्योल गर्छ । सन् २०२४ अघिसम्म त अन्तर्राष्ट्रिय वित्तीय समुदायका लागि नेपाल औपचारिक रूपमा मूल्याङ्कन नै नभएको मुलुक थियो, जुन अझ प्रतिकूल अवस्था थियो । तर उत्पादनशील लगानी यति न्यून हुनुको मुख्य कारण यही मूल्याङ्कन हो भनी नेपालले ठान्नु हुँदैन ।

प्रमाण नेपाल राष्ट्र बैंककै वार्षिक तथ्याङ्कमा छ । गत आर्थिक वर्ष नेपालले आफ्नो राष्ट्रिय आयको ४४.७७ प्रतिशत बचत गर्यो, तर कुल गार्हस्थ्य उत्पादनको २६.२६ प्रतिशत मात्र स्थिर पुँजीमा लगानी भयो । अठाह्र प्रतिशत विन्दुभन्दा केही बढीको यो अन्तर करिब १२ खर्ब रूपैयाँ बराबर हुन्छ । यो त्यस्तो रकम हो जुन देशभित्र त भित्रियो, तर न सडक बन्यो, न कारखाना । यसको आकारभन्दा बनावट बढी अर्थपूर्ण छ । कुल आन्तरिक बचत, अर्थात् नेपालको आफ्नै उत्पादनले सिर्जना गर्ने बचत, कुल गार्हस्थ्य उत्पादनको ९.७१ प्रतिशत मात्र छ । बाँकी लगभग सबै विप्रेषण हो, जुन करिब ३५.८ प्रतिशत बराबर छ । त्यसैले नेपालको उच्च बचत दर उत्पादनशील अर्थतन्त्रको उपलब्धि होइन, बरू विदेशमा श्रम गर्ने नेपालीको कमाइ हो, जुन वित्तीय प्रणालीसम्म त आइपुग्छ तर स्वदेशमा उत्पादनशील लगानीको बाटो भेट्दैन । विदेशी विनिमय सञ्चिति २५ अर्ब ३१ करोड अमेरिकी डलर पुगेको छ, जुन करिब बीस महिनाको आयात धान्न पर्याप्त छ । वर्षभरिमा केन्द्रीय बैंकले बजारबाट खुद ८ अर्ब ५ करोड डलर खरिद गर्यो र त्यस क्रममा सिर्जित तरलताको ठूलो हिस्सा फेरि आफैंले प्रशोचन गर्यो । अर्थतन्त्रले उत्पादनशील रूपमा उपयोग गर्न नसकेको तरलताको व्यवस्थापन नै केन्द्रीय बैंकका प्रमुख चुनौती हो ।

यही कारणले नेपालले BB- मूल्याङ्कन कायम राख्दा पनि निकै न्यून वैदेशिक लगानी पाइरहेको छ । यी दुईले नाप्ने कुरा नै फरक हुन् । मूल्याङ्कन संस्थाले सोध्छ, सरकारले विदेशी मुद्रामा लिएको ऋण समयमै तिर्छ कि तिर्दैन । यो प्रश्नको जवाफ नेपालले राम्रैसँग दिन्छ, किनभने बाह्य ऋणको ठूलो हिस्सा सहुलियतपूर्ण छ र त्यसको पछाडि उल्लेख्य सञ्चिति छ । तर नेपालमा कारखाना खोल्ने विचार गरिरहेको कम्पनीले भने फरक प्रश्न सोध्छ । के पुँजी भित्र्याउन र नाफा बाहिर लैजान पूर्वानुमानयोग्य समयतालिका छ ? के सम्झौता, अनुमति र जग्गाको विश्वसनीयता छ ? के भविष्यमा लगानी बेचेर बाहिरिने व्यावहारिक बाटो छ ? पहिलो प्रश्नको जवाफ नेपालले राम्रो दिन्छ, दोस्रोको कमजोर । प्रक्रियाले फरक पार्छ भन्ने प्रमाण पनि छ । स्वत: स्वीकृतिको व्यवस्था र न्यूनतम सीमा हटाएपछि प्रत्यक्ष वैदेशिक लगानीको इक्विटी आप्रवाह गत वर्ष १३७ प्रतिशतले बढेर २८ अर्ब ४९ करोड पुग्यो । यो आँकडाले प्रतिफल फिर्ता कटाएपछिको खुद वैदेशिक लगानी नभई इक्विटी आप्रवाह मात्र देखाउँछ, तर दिशा भने अर्थपूर्ण छ । मूल्याङ्कन महत्त्वपूर्ण हुन्छ, तर अन्तत: लगानीकर्ताले व्यवहारमा लगानी गर्न कति सहज छ भन्ने हेर्छन् ।

यो वित्तीय प्रशस्ततालाई टेवा दिइरहेको विप्रेषण पनि माथिल्लो वृद्धिदरले देखाएजति सुरक्षित छैन । आप्रवाह रू. २३ खर्ब ६३ अर्ब पुग्यो, तर रूपैयाँमा ३७.१ प्रतिशत देखिएको वृद्धि डलरमा २८.१ प्रतिशत मात्र थियो । यो अन्तरको एक हिस्सा रूपैयाँ १०.९ प्रतिशतले अवमूल्यन हुनुले सिर्जना गरेको हो । त्यसभन्दा तल हेर्दा, वैदेशिक रोजगारीका लागि पहिलोपटक लिइने श्रम स्वीकृति ५,०५,९५७ बाट घटेर ४,०६,५१९ मा झर्यो भने नवीकरण ३,३३,३०९ बाट बढेर ३,८५,७८३ पुग्यो । पहिलोपटक बाहिरिने नेपाली घट्दै छन् र पहिल्यै विदेशमा रहेकाहरू त्यहीँ बस्ने क्रम बढ्दैछ । यी तथ्याङ्कले जे-जस्तो संकेत गरे पनि, वैदेशिक रोजगारीमा जाने नयाँ नेपाली कामदारको संख्या विस्तार भइरहेको भने देखाउँदैनन् । त्यसैले कुल गार्हस्थ्य उत्पादनको करिब ३६ प्रतिशत बराबरको विप्रेषण यही गतिमा निरन्तर बढिरहन्छ भन्ने अनुमान नेपालले गर्नु हुँदैन । आजको असाधारण आप्रवाहलाई उत्पादनशील सम्पत्तिमा रूपान्तरण गर्ने अवसर वृद्धिदरले देखाएभन्दा साँघुरो हुनसक्छ ।

यो रूपान्तरण सबैभन्दा पहिले बैंकिङ क्षेत्रमै अवरूद्ध हुन्छ । निक्षेप १३.९ प्रतिशतले बढेर रू. ८२ खर्ब ७७ अर्ब पुग्दा निजी क्षेत्रतर्फको कर्जा भने ६.५ प्रतिशत मात्र बढ्यो, त्यो पनि वाणिज्य बैंकको ब्याजदर ऐतिहासिक रूपमै न्यून ६.५५ प्रतिशत हुँदा । कुल बक्यौता कर्जाको ६२.९ प्रतिशत घरजग्गाको धितोमा आधारित छ । निर्माण क्षेत्रको कर्जा १८.६ प्रतिशत र उपभोग्य कर्जा १७.८ प्रतिशतले बढ्दा कृषि कर्जा भने घट्यो । बैंकले जग्गा रूचाउँछन्, किनभने अदालतले कब्जा गर्न सक्ने सम्पत्ति त्यही हो । त्यसैले निर्यात सम्झौता बोकेर आउने उद्यमीभन्दा जग्गाधनी ऋणी अगाडि पर्छ । तर निष्क्रिय कर्जा पहिल्यै ५.६६ प्रतिशत पुगिसकेको अवस्थामा बैंकलाई उद्योगमा थप कर्जा दिन आदेश दिनु जोखिमपूर्ण हुनेछ । समस्या बैंकको मात्र होइन, उत्पादनशील ऋणीलाई जग्गा जत्तिकै सुरक्षित बनाउने संयन्त्रको अभाव हो ।

पुँजी बजारले पनि पर्याप्त विकल्प दिएको छैन । सूचीकृत ३०२ कम्पनीमध्ये १३३ बैंक तथा बिमा कम्पनी र अर्का ११० जलविद्युत् कम्पनी छन् । बाँकीमा उत्पादनमूलक उद्योग २९ र होटल ९ मात्र छन् । बजार पुँजीकरणको ५१.८ प्रतिशत वित्तीय संस्थाको र थप १७.५ प्रतिशत जलविद्युत्को हिस्सा छ । गत वर्ष स्वीकृत रू. ५६ अर्ब ३ करोडको सार्वजनिक निष्कासनमध्ये साधारण शेयर रू. ९ अर्ब १२ करोड मात्र थियो । अर्थात् विप्रेषणमार्फत रू. २३ खर्ब ६० अर्ब भित्रिँदा नेपालले कम्पनीहरूको नयाँ शेयर पुँजीका रूपमा बल्लबल्ल रू. ९ अर्ब उठायो । राष्ट्रिय लगानीको कथा जलविद्युत्ले मात्र बोक्न पनि सक्दैन । गत भदौको बाढीले एउटै क्षेत्रमा लगानी केन्द्रित गर्दाको जोखिम र पर्याप्त रूपमा मूल्याङ्कन नगरिएका जलवायु जोखिम उजागर गर्यो, र पर्याप्त बिमा गर्न नसकिने आयोजना जतिसुकै राम्रो विद्युत् खरिद सम्झौता भए पनि वित्तीय स्रोत जुटाउन कठिन हुँदै जान्छ ।

अब गर्नुपर्ने काम प्रचारको होइन, वित्तीय संरचना निर्माणको हो, र यसका तीन चरण छन् । पहिलो, कर्जा जमानत, निर्यात कर्जा बिमा, नगद प्रवाहमा आधारित कर्जा मूल्याङ्कन र जोखिम बाँडफाँटमार्फत उत्पादनशील व्यवसायलाई बढी ऋणयोग्य बनाउनुपर्छ, ताकि ऋणदाताले जग्गाको टुक्रा होइन, एउटा सम्झौतालाई वित्तीय स्रोत दिन सकून् । दोस्रो, बैंक र जलविद्युत्भन्दा बाहिर धितोपत्र बजारलाई गहिरो बनाउनुपर्छ । संस्थागत तथा पूर्वाधार ऋणपत्रको विकास गर्नुपर्छ, ताकि तीस वर्ष टिक्ने सम्पत्ति दुई वर्षे निक्षेपले मात्र धान्नु नपरोस् । साथै उत्पादनमूलक उद्योग, कृषि, पर्यटन, ढुवानी, स्वास्थ्य र प्रविधिका थप कम्पनीलाई पुँजी बजारमा ल्याउनुपर्छ । तेस्रो, र विश्वसनीय लगानी साधन वास्तवमै तयार भएपछि मात्र, विदेशमा रहेका नेपालीलाई आफ्नो बचतको एक अंश त्यहाँ राख्ने सहज र पूर्णत: स्वैच्छिक बाटो दिइनुपर्छ । वार्षिक विप्रेषणको पाँच प्रतिशत भनेको करिब रू. १ खर्ब १८ अर्ब हो, जुन हालैको वैदेशिक लगानीभन्दा कैयौं गुणा बढी हो । विप्रेषण प्रणालीभित्रै सरल स्वैच्छिक लगानी विकल्प, सानो रकमबाट पनि लगानी गर्न सकिने व्यवस्था र व्यावसायिक रूपमा व्यवस्थापित कोषले आप्रवासी कमाइ र स्वदेशी पुँजी निर्माणबीच पुल बनाउन सक्छन्, अनिवार्य कट्टीको सहारा नलिईकन । त्यस्तो अनिवार्यताले उल्टै अनौपचारिक माध्यमलाई प्रोत्साहन गर्न सक्छ ।

यसले वैदेशिक लगानीको विकल्प भने दिँदैन । नेपाललाई विदेशी साझेदार चाहिन्छ, पुँजीका लागि जति नै प्रविधि, इन्जिनियरिङ, व्यवस्थापकीय दक्षता र बजार पहुँचका लागि पनि उत्तिकै । एउटा जापानी कम्पनीले मलाई एकपटक नेपालमा आफ्नै ब्यालेन्स सिटबाट लगानी गर्ने अपेक्षा गर्नुको सट्टा जाइकासँग सम्पर्क गर्न सुझाव दिएको थियो । सुरूमा मैले त्यसलाई विनम्र अस्वीकृतिका रूपमा बुझेँ । वास्तवमा त्यो नेपालजस्ता उच्च जोखिम मानिने बजारमा परियोजनाहरू कसरी वित्तपोषित हुन्छन् भन्ने पाठ थियो । जेबीआईसी, नेक्सी, आईएफसी, मिगा र एडीबीजस्ता संस्था सार्वभौम जोखिम र बहुराष्ट्रिय कम्पनीको लगानी समितिबीचको दूरी घटाउनकै लागि छन् । राजनीतिक जोखिम बिमा, सहुलियतपूर्ण वरिष्ठ ऋण, विश्वसनीय खरिद प्रतिबद्धता र बहुपक्षीय सहभागिताले सम्पन्न आयोजना देश आफैं लगानीयोग्य स्तरमा पुग्नुभन्दा धेरै पहिल्यै वित्तपोषणयोग्य बन्न सक्छ । त्यसैले नेपालले दुवै एजेन्डा सँगै अघि बढाउनुपर्छ, आजै आयोजनालाई वित्तपोषणयोग्य बनाउने र सँगसँगै सार्वभौम साख क्रमश: सुधार्दै लैजाने ।

राज्यले पनि अरूसँग अपेक्षा गरेको त्यही रूपान्तरण आफैं देखाउनुपर्छ । करिब २५ अर्ब डलर सञ्चिति, रू. ८३ खर्ब निक्षेप र ६.५५ प्रतिशतको ब्याजदर भएको देशमा पुँजीगत खर्च भने १४.८ प्रतिशतले घटेर रू. १ खर्ब ९० अर्ब ८४ करोडमा झर्यो, जबकि चालु खर्च १० खर्ब नाघ्यो । यस वर्षको बजेटले पुन: रू. ४ खर्ब ३१ अर्ब १० करोडको उल्लेख्य उच्च पुँजीगत खर्चको वाचा गरेको छ । अब प्रश्न कागजमा रकम विनियोजन गर्न सकिन्छ कि सकिँदैन भन्ने होइन, बरू एकपछि अर्को सरकार बदलिँदै जाँदा पनि हाम्रा संस्थाले विनियोजनलाई सम्पत्तिमा रूपान्तरण गर्न सक्छन् कि सक्दैनन् भन्ने हो । नेपालले एक दशक बाहिरबाट थप पैसा कसरी भित्र्याउने भनेर सोध्दै बितायो । जवाफ भने सुरूदेखि नै राष्ट्रिय लेखामै बसिरहेको थियो । पैसा त यहीँ छ । अब त्यसलाई उत्पादनशील बनाउने काम बाँकी छ ।

# गोरखालीको गौरवपूर्ण इतिहास




# लोकतान्त्रिक पुतली नाच र संविधान

लोकतन्त्र पुतलीनाथ बन्यो । पार्टी नेताहरू खिस्सा बन्न पुगे । जो खिस्सा बन्छन्, ती खिसीका पात्र हुन् । खिसीका पात्र राजनेता हुँदैनन् । न विधि रह्यो, न नैतिकता । नेताले त जनताको मान, सम्मान आर्जन गर्नुपर्छ । बाहुबली नेतातन्त्रलाई लोकतन्त्रको जामा पहिराएको देखियो । कठै लोकतन्त्रको हरिबिजोग ?कांग्रेस, एमाले, माओवादीजस्ता पार्टीनेताहरू खिस्सा बन्न पुगेका छन् । जो खिस्सा बन्छन्, ती खिसीका पात्र हुन् । खिसीका पात्र राजनेता हुँदैनन् । सानो गुट, सानो समूह च्यापेर तर्साउने राजनीति गर्नेहरू बुख्याँचा भन्दा कसरी भिन्न भए र ? नेताले त जनताको मान, सम्मान आर्जन गर्नुपर्छ । कार्यकर्ताको जयजयकार सम्मान होइन । आमनागरिक आसुमा डुबेको छ, पीडाबोध गरेर सरापिरहेको छ, नेताहरू आफ्नो सुख, सम्पत्ति, सम्पन्नता र शासनलाई लोकतन्त्रको जामा पहिराइरहेका छन् । पुतलीनाच बन्यो लोकतन्त्र ।

# क्षिमेक फस्ट भन्दै मोदीले काश्मिरपछि कालापानी, लिपुलेक खाइदिए

क्षिमेक पहिला भन्ने नीति लिएका मोदीले काश्मिर खाइदिए, अर्को गाँसमा नेपालको कालापानी, लिपुलेक पनि खाइदिए । अब मोदीले तेस्रो गाँसमा के खान खोजेका होलान् ?

फ्रान्समा राज्यक्रान्तिपछि जंगी सिपाही जण्डो भएर निस्कियो । नेपालमा १० वर्ष लामो जनयुद्ध र योद्धा मिसिएर जनआन्दोलन भयो । यसलाई बसन्त क्रान्ति भनेर जतिसुकै नाक फुलाए पनि त्यो क्रान्तिले राज्यकोष लुटेकै हो, पीडित जनतालाई सकेसम्म पीडा दिइरहेकै छ । जनआन्दोलनपछि लोकतान्त्रिक गणतन्त्र ल्याइयो, यसले पनि राज्य दोहन गऱ्यो, जनता मारेकै हो । एकजना जनताको नेता जन्मिन सकेन । राजतन्त्र मारेर के गर्नु, राजतन्त्र मार्नेहरू डमी आन्दोलनकारी रहेछन् । रिमोट त अर्कैको हातमा पो रहेछ । यसकारण १८ वर्षमा माखो मारेको देखिएन । भ्रम छर्नु उपलब्धि होइन । उपलब्धि नतिजामा देखिनुपर्छ, नतिजा शून्य । पर्दापछाडिको कमाण्डरले लत्तो छाडिदिएपछि हाम्रा नेताहरू कमान खुस्किएको घडीजस्तो बन्न पुगे । यस्तो घडी चल्नु कम, सुत्नु बढी गर्छ । हाम्रा नेताहरू देशलाई बिधिसम्मत चलाउने विषयमा गम्भीर हुन छाडेर सुतिरहँदा जेनजी विद्रोह भयो र देशले परिवर्तनका लागि जेनजी सरकार पाएको छ । जेनजी सरकारको ६ महिनामा भनेजस्तो नतिजा ननिस्के पनि भ्रष्टाचारमा डामिएको छैन । आशा बाँकी छ, यो सरकारले केही गर्ला कि ?

*– डा.विनिता*

# सकारात्मक कुरा, जो प्रशंसनीय छ



लु हेर्नुहोस् है आधुनिक शिक्षा पढेका जान्नेसुन्ने नयाँ बौद्धिकको बुद्धि ! तिमीहरूको बुद्धि घाँस खान जङ्गल गएको छ कि क्या हो! यौन शिक्षा कसलाई दिन्छौ ? १ कक्षादेखि रे लाज लाग्दैन हरे के के बोलेका ! यौन शिक्षा होइन; नैतिक शिक्षा, अनुशासन, सदाचार संस्कार संस्कृति सिकाउनु जरूरी छ । साथै कडा कानुन बनाई लागु गर्नुपर्छ महिला हिंसा र बलात्कार रोक्ने हो भने । र अर्को कुरा सन्तानका नाममा एउटा छोरो जन्माउने र राम्रोसँग शिक्षा, संस्कार अनुशासन, नैतिकता नसिकाउने, भनेको टेर्दैन भन्दै गैरजिम्मेवार जवाफ दिने, भष्ट्राचार गरेर भए पनि सन्तानका सबै आवश्यकता पुरा गर्दिने कुनै काम जिम्मेवारी नसिकाउने, दिनभर असनको साँढे खुला छाडेजस्तो गरेर जथाभावी छाड्ने अनि पुल्पुल्याउने अभिभावकलाई पनि पाता फर्काउनुपर्छ अनि मात्र यि समस्या समाधान हुन्छन् ।



नेपाली काङ्ग्रेसका नेता डा. प्रकाश शरण महतले देश तरल र संकटपूर्ण अवस्थामा रहेकाले पूर्वराजासहित सबै राष्ट्रवादी र लोकतन्त्रवादी शक्तिहरूसँग संवादको ढोका खोल्नुपर्ने बताएका छन् । वि.सं. २०३३ सालमा बीपी कोइरालाले राष्ट्रिय संकट समाधानका लागि लिएको राष्ट्रिय मेलमिलाप र एकताको नीतिको स्मरण गराउँदै उनले वर्तमान परिस्थितिमा पनि व्यापक सहमति आवश्यक रहेको उल्लेख गरे । भदौ २३ र २४ गतेका घटनाक्रमले देश कमजोर अवस्थामा रहेको पुष्टि गरेको दाबी गर्दै नेता महतले भने, जसरी ३३ सालमा राष्ट्र संकटमा पर्दा राजा भएकै अवस्थामा पनि बीपीले मेलमिलापको सन्देश लिएर फर्किनुभएको थियो, त्यसै गरी अहिले पनि राजनीतिक दल, राष्ट्रवादी र लोकतन्त्रवादी सबैसँग संवाद गर्नुपर्छ ।

पूर्वराजासँगको सहकार्य वा संवादबारे सोधिएको प्रश्नमा स्पष्ट पार्दै उनले भने, अहिले राजतन्त्र पुनस्थापना हाम्रो एजेन्डा होइन, तर देशलाई बलियो बनाउन पूर्वराजा लगायत सबै राष्ट्रिय शक्तिहरूसँग वार्ता र संवादको ढोका खुला राख्नुपर्छ ।



प्रधानमन्त्री बालेनको शैली नर्वेका प्रधानमन्त्रीको जस्तै सरल छ भन्दै नेपाली कांग्रेसका सांसद अर्जुन नरसिंह केसीले बालेन शाहको खुलेरै प्रशंसा गरेका छन् ।

सांसद केसीले भने, उहाँ साधारण ढङ्गले जनुभयो म त्यसको प्रशंसा पनि गर्छु किनभने, मैले कहिले स्विडेन, नर्वे तिर प्रधानमन्त्रीहरू साइकल चढेर हिड्य  भन्ने थाहा पाउँथिए । कमसे कम २,४ वटा मोटर लिएर कहि कुनै तामझाम नगरी कति साधारण ढङ्गले मुस्ताङ जानुभयो । यो सरलता सबैभन्दा ठुलो गुण हो ।

# बालेन सरकारले ध्यान दिनुपर्ने गम्भीर विषय

देश र जनताको चिन्ता नागरिक समाज र मिडियामा कमै देखिन्छ । सबैको ध्यान कुन पार्टीका कुन नेताले के भन्छन् ? एउटा नेताले अर्को नेतालाई कसरी खुइल्याउने काम गर्छन् भन्नेतिर बढी देखिन्छ । देशको कानुनव्यवस्था खस्कदै गएको छ, राजनीतिक अस्थिरताका कारणले शासनमा अराजकता फैलिदै गएको छ, स्थिर सरकार आयो भन्दा पनि पुराना दलहरू अराजकताको आगो फुक्न थालिकसकेका छन् । मानौं जंगलमा डढेलो सल्किनेवाला छ । यसरी मुलुक नै खरानी हुने स्थिति आइसक्दा पनि नागरिक समाजको विवेक र मिडियाको महत्वमा देश र जनता नपर्नु भनेको दु:खद परिस्थिति हो । जस्तोसुकै अवस्थामा देश र जनता पहिलो प्राथमिकतामा पर्नुपर्ने हो । सेवक हुँ भनेर अराजकता फैलाउने, जवाफदेही नलिने नेतृत्व वर्गले महत्व पाउनु भनेको पद्धति खस्कदै जानु हो, असफल हुँदै जानु हो ।

भर्खर जेनजी सरकार आएको ६ महिना भएको छ । देश बनाउँछु भनेर लागिपरेको छ । जसरी पनि प्रम बालेन साहको खुट्टा तानेर लडाउने षडयन्त्र भइरहेको छ । जेनजी विद्रोहले कसरी सुनामी ल्याएको थियो, अझै पुराना दल र नेताहरूलाई चेत खुलेको देखिदैन ।



सरकारका काम कारवाही र निर्णयमा न्यायपालिका नकारात्मक देखिदै छ । पहिलेका पार्टीहरूले भाग्बण्डामा नियुक्त गरेका न्यायाधीशहरू बालेन सरकारविरूद्ध भएजस्तो देखिन्छ । न्यायपालिका न्यायाधीशहरू नै ध्वस्त पार्दैछन् । एउटा राजीनामा मागेर भ्रष्टाचारको निरन्तरता खोज्ने बर्ग न्यायालयलाई सडकमा बलात्कार गरिरहेका छन् । दण्ड र सजायको व्यवस्था जब न्यायालयमा हुन्न भने त्यस्तो न्यायालयले स्वच्छ न्याय कसरी दिनसक्छ ? उही सेटिङ, उही आफन्त भर्ति र मनपर्दी चलाउने हो भने बारको आन्दोलन अथवा न्यायाधीशको विद्रोह भ्रष्टाचारको अर्को अध्याय मात्र हो ।

मुलुकमा जनता त्राहीमाम छन्, राहत र सेवा केही पाइरहेका छैनन् । तिनको अपेक्षा र अप्ठेरो बोलिदिने कसले ? भारतले लिपुलेक, कालापानी, लिम्पियाधुरा खाइसक्यो । कसरी नेपाली भूमि ल्याउने भनेर कोही पनि लागिपरेका छैनन् । सवल सरकार छ, सरकारलाई सघाउन कुनै दल तैयार छैनन् ।  चुच्चे नक्साअनुसारको नेपाली भूभाग नेपालले पाउने कहिले ? कसरी ?

संघीयताका नाममा खर्च बढेकै छ । सस्तोमा किनेर महगोमा बेच्दा पनि आयल निगम किन घाटामा गइरहेको छ ? संविधानविपरित इम्बोस्ड नम्बर अंग्रेजीमा राख्नैपर्ने बाध्यताले अंग्रेजी सरकारी भाषा बन्न लागेको त होइन ? भोटेकोशी बाढी प्रकोपबाट कसरी मुक्ति पाउने ? राज्यको पहुँच सबैमा पुऱ्याउने कसरी ? छिमेक र अन्य मित्रराष्ट्रहरूको अनुचित दबाबमा नेपालले कहिलेसम्म उकुसमुकुसमा बस्नुपर्ने ? आन्तरिक राजनीतिक विवाद, बाह्य दबाब नेपालले भोग्दै आएको छ । नेपाली एकता हुन नसकेकाले यस्तो भएको हो ।

विधिमा कोही बसेका छैनन्, संविधानका कुरा मात्र गर्छन्, किन ? सुधार कसरी गर्ने ? राष्ट्रिय मुद्दाहरूको पहिचान र निराकरणका लागि कस्तो नीति अपनाउने भन्ने सवाल अनेक छन्, जवाफदेही कोही लिदैनन् । एउटा सरकार एकातिर छ, विपक्षीहरू अर्कोतिर । संवाद, सहमति र सहकार्य किन हुनसकिरहेको छैन ? जब देश र जनतालाई टुहुरोजस्तो पारेर नागरिक समाज र आवाज उठाउनु पर्ने बर्ग नेतृत्वको अभिव्यक्तिका पछाडि लाग्छन्, तव देश र जनता अहिलेजस्तै अप्ठेरो भोग्न अभिषप्त हुनेछन् ।

# नेपालविद भारतीय भन्छन्- : नेपालले भारत मिच्यो

बाघले बाखा खान्छ कि बाखाले बाघ ? तत्कालीन भारतीय राजदूत रंजित राय भन्छन्- नेपालले भारतको सीमा मिचेको छ, दुरूपयोग गरेको छ । यिनै रे ले नयाँ पुस्तक काठमाडौं डिलेमा पुस्तक लेखेर काठमाडौंबाटै सार्वजनिक गरेका हुन् । यस पुस्तकमा नेपाललाई भुटानको स्तरमा राख्न ढिला भइसकेको विश्लेषणसमेत रहेको छ ।



राजदूत हुँदा रञ्जित रेले नेपालीहरूले खुला सिमानाको दुरूपयोग बढाउँदै लगेको आरोप लगाएका थिए । अहिले नेपालको अस्तित्वमा धावा बोलेका छन् । यस्तो पुस्तकको विमोचन नेकपा माओवादी अध्यक्ष प्रचण्डले गर्नु दुर्भाग्य हो । हाम्रा नेता कस्ता हुन्, जो आफ्नै मुलुकलाई सिक्किम, भुटानको स्तरमा झार्नुपर्छ लेखेका पुस्तकको प्रचारक बन्छन् । बालेन साहले सीमा समस्या मिलेर छलफलबाट समाधान गर्नुपर्छ भन्दा विपक्षीहरू त्यही शब्द समातेर लामो समय आलोचना गरिरहेका छन् । नेताहरूमा राष्ट्रियताप्रति चिन्ता र चासो किन भाषणमा मात्र देखिन्छ । जनताले चुनावमा दण्डित गरिसक्दा पनि नेताहरूमा किन उही पुरानै ढर्रा हो कुन्नी ?

# २०६० कात्तिक २१ मा गरेको सम्झौता

काठमाडौं । २३ वर्षदेखि नेपालको भूभागमा हुने विकासमा राज्यको भन्दा बढी पकड भारतीय दूतावासको देखिन थालेकोले यो प्रश्न अरू गम्भीर हुन थालेको हो ।

नेपालका १४ अञ्चल र ७७ जिल्लामा भारतीय दूतावासको सञ्जाल फैलिसकेको छ । शिक्षा, स्वास्थ्य, सामुदायिक विकासका नाममा हरेक वर्ष ३ अर्वभन्दा बढी प्रत्यक्ष लगानी गरेर भारतीय दूतावास नेपाल सरकारभन्दा सकृय भएको छ । विद्यालय, क्याम्पस, छात्रावास, पुस्तकालय, अस्पताल, एम्बुलेन्स, भूपू गोर्खा सैनिक क्याम्प, तिनको कल्याणकारी योजना, क्लव आदि अनेक क्षेत्रमा भारतीय दूतावासले सिधै लगानी गरिरहेको छ । सांसदहरू विकास माग्न दूतावास धाउने गरेका छन् ।

२०६० साल कात्तिक २१ गते (सन २००३) दलीय सहमतिमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले तत्कालीन भारतीय प्रधानमन्त्री अटलबिहारी बाजपेयीसँग नेपालस्थित भारतीय दूतावासलाई साना विकास परियोजना सञ्चालन गर्न दिने सम्झौता गरेपछि भारतीय दूतावासले नेपालमा समानान्तर सरकार चलाउने अनुमति पाएको हो । यो सहमति अनुसार जुनसुकै शिक्षा, स्वास्थ्य र सामुदायिक कार्यमा दूतावासले सिधै एक योजनामा ३ करोडसम्म लगानी गर्न सक्ने प्रावधान रहेको छ । यो अवसरलाई भारतले नेपालमा राजनीति गर्ने, भारतको पकड बलियो पार्ने र नेपालको लगाम नै मुठ्ठीमा लिने मौकाका रूपमा प्रयोग गर्न थालेको हो । दिल्ली सम्झौता र जनआन्दोलनको सफलतापछि आठ दलले भारतसँग २०६३ साल असार १५ गते भारतीय छातामुनी बस्ने १२बुँदे सम्झौता गरेका हुन् । यसपछि भारतले बिभिन्न नाम राखेर ३ हजारको संख्यासम्म वर्षेनी छात्रबृत्ति दिन थालेको छ । शासन प्रशासनमा बसेका अधिकारीहरूका छोराछोरी भारतले सित्तैमा पढाईदिएर तिनलाई पनि भारतले आफ्नो नियन्त्रणमा पार्ने क्रम तिब्र पारिरहेको छ । यो सबै नेपाली मानसिकतामा भारतीय पराधीनता स्वीकार्न बाध्य पार्ने रणनीतिको अर्को पाटो हो । नेपाली स्वभावैले लडाकु जाति हो । अभाव र अप्ठेरोमा सहारा लिन सक्लान् । भारतले नेपालभरि सञ्जाल पनि फैलाउन सक्छ । तराईमा व्यापक लगानी गरेर सिंगो मधेसलाई उराल्न पनि सक्ला । भारतले हालै आफ्ना नागरिकहरूलाई नेपालको नागरिकता दिलाउन पनि सफल भएको छ । यति भए पनि भारतले नेपाललाई फिजी बनाउन खोज्नु सपनामात्र हो ।

*- डा.विनिता*









## स्रष्टाहरूद्वारा भोटेकोशी बाढीमा जीवन गुमाउनेहरूप्रति दीपप्रज्वलन र श्रद्धाञ्जलि अर्पण

काठमाडौं । रसुवाको भोटेकोशीमा आएको महाविनाशकारी बाढीबाट जीवन गुमाउनेहरूप्रति साहित्यिक संस्था समन्वय समितिको संयोजनमा सामूहिक श्रद्धाञ्जलिसभा सम्पन्न गरेको छ । पशुपतिनजिक गुह्यश्वरी मन्दिर अगाडि,बागमती नदी किनारमा विभिन्न साहित्यिक संघसंस्था र स्रष्टाहरूद्वारा सामूहिक रूपमा दीपप्रज्वलन गरि उनीहरूप्रति १३ औं दिनको पुण्यतिथिमा श्रद्धाञ्जलि अर्पण समेत गरियो ।

शोकसभामा समन्वय समितिका संयोजक तथा साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदन' र वरिष्ठ कलाकार मदनदास श्रेष्ठले कार्यक्रमको औचित्यसहित शोक मन्तव्य व्यक्त गरे । उनीहरूले संकटको समयमा सबै लेखक, कवि, स्रष्टा एक हुनुपर्नेमा जोड दिए ।

नेपाली भाषा, साहित्य र कलाक्षेत्रमा क्रियाशील करिब एकसय बढी संस्था, संलग्न साहित्यिक संस्था समन्वय समितिको आयोजनामा उक्त कार्यक्रम भएको हो । उल्लेख्य साहित्यकारहरूको उपस्थिति रहेको थियो ।

सहभागीहरूले दीयो तथा मैनवत्ती प्रज्वलन गर्दै बाढीमा परी जीवन गुमाउनेहरूको स्मरण गर्दै मृतात्माको शान्तिको कामना गरे । साथै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना समेत प्रकट गरे ।

रूआजसम्म भोटेकोसी नदीमा आएको हिमबाढीमा परी मृत्यु हुनेको संख्या एक हजार तीनसय पचपन्न पुगेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बिहान ११ बजेसम्मको विवरणानुसार बाढी प्रभावित क्षेत्रबाट चार हजार नौसय छ्यानब्बे जना सम्पर्कविहीन छन् । - प्रदीप सापकोटा

# अमूर्त कलामा कृष्णप्रकाश शाह



***रमेश खनाल***
***कलाकार, कला समीक्षक***

आध्यात्मसँग अमूर्तकलाको सम्बन्ध हुन्छ । अमूर्तकला सृजना गर्ने कलाकारले जीवनको सुख, शान्ति, आनन्द र परम आनन्द प्राप्ती गर्ने लक्ष्य राख्छन् । तर जीवनको परम आनन्द प्राप्त गर्न कलाकारले कठिन यात्रा तय गर्नंपर्छ । दृढ संकल्प, अटुट साधना, अध्ययन र अनुसन्धानपछि मात्र जीवनको परम आनन्द प्राप्त हुन्छ । यस्तै कठिन यात्रा रोजेका छन् युवा कलाकार कृष्ण प्रकाश शाहले आफ्ना अन्तर भावना र अनुभूति नामक अमूर्त चित्रहरूमा उनका चित्रहरू विषयवस्तुगत दृश्य साक्षात नभएर अन्तर मनका तरङ्गसँग आबद्ध भएका छन् । रंगको बहावलाई जिवन्त रूप दिन निपूर्ण ठानिएका कलाकार कृष्ण प्रकाश शाहको यतिखेर तेस्रो एकल कला प्रदर्शनी नेपाल आर्ट काउन्सिल, बबरमहलमा गतवर्ष भएको थियो, कलापारखीले परख गरे ।





"आत्मिक भावनाहरूको प्रस्तुतिमा शब्दहरूको कमी महशुश भईरहँदा रङ्गहरूद्वारा तरङ्गीत मेरा चित्रहरू अभिव्यक्तिको सशक्त माध्यम बन्न सक्छन् । यसैले रङ्गहरूद्वारा सृजित कलाहरू नै अनुभुत गराउने सबैभन्दा शक्तिशाली ती माध्यमहरू हुन् जसले सिधै आत्मासँग सम्वन्ध राख्दछन्" भनि आफूले अमूर्त चित्र बनाउने कारण स्पष्ट पार्दछन् कलाकार कृष्ण ।

कलाकार शाहले केही वर्षदेखि अमूर्त शैलीमा आफ्ना मनका तरंग, उमंग, उत्साह र संवेगहरूलाई सम्प्रेषण गर्दै आएका छन् । रातो, निलो, पहेंलो, हरियो खैरो, सुन्तले रंगहरूमाबनाएर अमूर्त चित्रहरू बनाउन यसपटक पनि उनी खरो रूपमा उत्रिएका छन् ।

उनले सृजना गरेका अमूर्त चित्रहरूमा रंगको उग्रगति, यता उता, माथि तल दौडिएको देखिन्छ । रंगलाई ल्फोटिङ्ग गरेर एक अमूर्त आकृतिभित्र आफ्ना मनका भावनाहरू तादाम्य गर्न कलाकार कृष्णप्रकाश शाह उद्धत्त छन् । उनले चित्रको माध्यमबाट परम आनन्दको अनुभूति गर्न खोजेका छन् ।

उनी भन्छन् "एकाग्र भई घोरिएर हेर्दै जानुभयो भने बिस्तारै मेरा चित्रहरूमा भएका रङ्गहरूको तरङ्गसँगै तरङ्गित हुँदै एउटा यस्तो भावनाको संसारमा पुग्नु हुनेछ जुन मानसिक अवस्था मेरो चित्र बनाउँदा थियो र मैले पाएको त्यही परम आनन्दको अनुभूति कला पारखीहरूमा सेयर गर्न चाहन्छु ।" रंग एउटा यस्तो माध्यम हो जसको निपूर्ण प्रयोग गर्नाले मानिसभित्र जेलिएर बसेको रिस, राग, दुःख र पीडालाई केही कालको लागि भुल्न सकिन्छ । सुख र आनन्दलाई निम्ताउने सशक्त माध्यम पनि रङ्ग नै हो । अतः रङ्गको सम्बन्ध मनोसुखसँग छ । रंगको महत्वलाई स्वीकारेर परम आनन्द, असल जीवन, सुस्वास्थ्य, सकारात्मक सोचाई, लगायत विभिन्न विधाहरूमा मनोविज्ञहरूले प्रयोग गर्दै आएका छन् । कलाकार कृष्णप्रसाद शाहका चित्र हेर्नेले मनभित्रको शान्तीपना महसुस गर्दछन् । यससपटक कलाकार शाह निकै माझिएर आफ्ना क्यानभासहरू बीच देखापरेका छन् । उनले आफ्ना चित्रहरूमा टेक्चर, प्रकाश र छाँया, टोन परस्पेक्टीभ दृश्यलाई विशेष महत्व दिएका छन् । त्यसैले उनले बनाएका अमूर्त चित्रहरू सुन्दर लागेका छन् । उनको चित्रहरू अवलोकन गर्नेलाई एक अन्तर भावनको नजिक पुग्न मद्दत पुग्दछ । हुन पनि हो उनका चित्रहरू बाह्य जगत वस्तुसँग आबद्ध छैनन् । आत्मिक खुशी र आनन्दको खोजी गर्न उद्धत रहेका छन्, उनका चित्रहरू । स्वयंमा अमूर्तकला एक बोधगम्य विषय बनिरहेको छ । तर जसले हात हालेका छन् ती कलाकारहरू एक शैलीमा स्थिर भएर बस्न सक्नु राम्रो कुरा हो । कलामा स्नाकोत्तरसम्म पढेका कलाकार शाहले धेरै पटक सामूहिक कला प्रदर्शनी र कला कार्यशालाहरूमा भाग लिएका छन् । उनी कला विधाका विभिन्न पुरस्कारहरूबाट विभूषित भएका छन् । आशा गरौं कला प्रदर्शनी फेरि फेरि हुनेछ ।

## भोटेकोसी आज विकराल बनेर खस्यो



तिम्रो मुहार र पूर्णिमाको जून उस्तै उस्तै लाग्छ
तिम्रो मिठो बोली र सारङ्गीको धून उस्तै उस्तै लाग्छ
निश्वार्थ भावले कर्म गर्ने प्रेरणा दिइरहन्छौ प्रिये
तिम्रो र कृष्णप्रेम फरक जे हुन् उस्तै उस्तै लाग्छ ।

**- धर्मिला कार्की**




अत्याचारको परकाष्ठा रोकिएको छैन
कानूनमा लेखियो ब्यावहारमा तोकिएको छैन
दिनहु नाबालिकाका शरीर काटकुट पारेका छन्
यौनप्यास मेटाउनेलाई कोर्रा ठोकिएको छैन ।

**- देवी काफ्ले**



समय सधैंभरि एकनास हुँदैन यत्ति बुझ्नू
दुःखमा अनन्य नि खास हुँदैन यत्ति बुझ्नू
आफू एक्लै लड्नु पर्छ जिन्दगीको समर,
पीडामा कोही आसपास हुँदैन यत्ति बुझ्नू ।

**- अर्जुन अधिकारी**



साथमा प्रेम गीत अपार हुन्छ
राम सीतामा शङ्काको मीत अपार हुन्छ
न भगवान नत मान्छेलाई छोड्छ नियतिले,
पाए सस्तो नपाउँदाको धित अपार हुन्छ ।

**- विनिता आचार्य**



एउटा मान्छे आगो भैदिए अर्को हुनुपर्छ पानी
को भन्दा को कम भनेमा बिग्रन्छ जिन्दगानी
मान्छे न हो एकैनास र एकै अवस्था त हुन्न नै
चाह सबैको हुनु पर्छ बन्नलाई आँखाको नानी !

**- पवनकुमार बुढाथोकी**



तिमीलाई मुटु देखि मन पराएको मान्छे म
एक्लो खुसी खोज्दा खोज्दै हराएको मान्छे म
आज आलो रगतले लेखी प्रेम प्रस्ताव राख्दैछु
छट्पटी र अन्योलतामा डराएको मान्छे म !

**- सुमन शर्मा**


# मेरो निर्मोही जन्मघर

## पुस्तक समीक्षा



*अरूणबहादुर खत्री*

कवि पदम दाहालको मेरो निर्मोही जन्मघर नामक कविता सङ्ग्रह २०८१ सालमा प्रकाशित भएर पाठक माझ आएको छ । यसभित्र उनीद्वारा लेखिएका सशक्त सन्तान खोजिरहेछु म, अपशकुन, आहारिसे उनी, माइक, आम निर्वाचन, समय चिन्नेले मृत्युलाई जितिरहेछ लगायत विभिन्न शीर्षकका ५१ वटा कविताहरू राखिएका छन् । सशक्त सन्तान खोजिरहेछु म शीर्षकको पहिलो कवितामा जागरण र जागृति कविले खोजेका छन् अनुगमन पर्खिरहेका छन् इमान नहराएको जमान नगुमाएको धरहरा जस्तो सन्तानको अनुमान कविले गरिरहेका छन् ।




अपशकुन शीर्षकको कविताभित्र सेवा भन्दा मेवामा भैरहेछ हारालुछ सिद्धान्त थुपारेर एक कुनामा कमाउ धन्दामा भैरहेछ ब्रह्मलुट पलाएन विवेक कतै कसैमा पनि दुख्तै दुखेन देश भनेर कवि दाहालले लेखेका छन् । आहारिसे उनी शीर्षकको कवितामा उनी सम्मान खोज्दै हिँड्छन् उग्र आसन रोज्दै हिँड्छन् व्यासासन र खादा ओड्दै हिँड्छन् किनकि घरको कोठामा खात लगाएका छन् भनेर कवि दाहालले लेखेका छन् ।

थिएटरमा उर्लिरहन्छ
फिल्मिहलमा मालिक बनेर कुर्लिरहन्छ
हरेकभित्रको खिन्नता पन्साउने वहानामा
नाचगान प्रदर्शनको ओजन बोकेर
चर्को चर्को स्वरमा पाखुरा सुर्किरहन्छ ।

माइक शीर्षकको यस कवितामा थिएटरमा उर्लिरहन्छ फिल्मिहलमा मालिक बनेर कुर्लिरहन्छ हरेकभित्रको खिन्नता पन्साउने बहानामा नाचगान प्रदर्शनको ओजन बोकेर चर्को चर्को स्वरमा पाखुरा सुर्किरहन्छ भनेर कवि दाहालले लेखेका छन् । चुनाव आयो भन्थे पोस्टर र चिन्ह कतै टासिएन परिणामको आशा भरोसा अग्लिन्छ भन्थे कुनै दिलभित्र गाँस्तै गाँसिएन भनेर कवि दाहालले लेखेका छन् । निरन्तर सिर्जना र साहित्य साधना कवि पदम दाहालको वर्तमानको चिनारी बनेको छ । उनी कवितामा रमाएका छन् ।

कवि दाहालको मेरो निर्मोही जन्मघर कवितासङ्ग्रहको शीर्षकले नै कविभित्र उकुसमुकुस भएर बसेर जन्मस्थल र जन्मघरप्रतिको प्रेमभावलाई प्रतिबिम्बित गरेको छ । यसले पाठकलाई सिधै जन्मघरसम्म पुऱ्याएको देखिन्छ । विषयगत विविधता, भावगत अनेकता र ध्वन्यात्मक सबलता कवि दाहालका कविताहरूका विशेषता हुन् । शैलीगत रूपमा हेर्दा उनका कविताहरू गद्यलयात्मक संरचनामा बाँधिएका छन् । विषय वा भावगत रूपमा हेर्दा उनले लेखेका अधिकांश कविताहरू राष्ट्रभक्तिका भावले ओतप्रोत भएका छन् ।

भ्याउँदैन राख्न समयको हिसाबकिताब
समयकै लगामसित डोरिएर तानिन्छ
कुनै बेला बौडाइझैँ पौडिन्छ
कहिले हतारिदै दौडिन्छ
जोहो गर्छ वा गर्दैन समयले कसैलाई
उसकै गोहीमा हिँड्दाहिँड्दै वौरिन्छ

घन चक्कर शीर्षकको कवितामा जब जब चुनाव भित्रिन्छ कृपया एक भोट भन्दै नेता नेतृत्व पङ्तिको चल्छ देशभरि गोलचक्कर कुनाकाप्चा गाउँघर पस्छ एउटा हाहाकार एउटा लस्कर भनेर कवि दाहालले लेखेका छन् । भन्दैभरि हजुरको एक भोट भनिन्छ भुल्याएर देशलाई उकुचघारी बनाइन्छ भनिएको छ । अचानो शीर्षकको कवितामा अरूलाई सन्तुष्टि दिन थापिएको फगत एक अचानो हो ऊ अधरानो हो कुनै कुनामा लुकेर कसैको बज्रपात ढुकेर थाप्लो थापिरहन्छ भनेर कवि दाहालले लेखेका छन् । जमराका पिपिराहरू शीर्षकको कवितामा मेरो संस्कृति थाम्ने ऊ अनन्य उपहार हो सौम्यदार भएर पहेलो अनुहार लाएर पुन्जहार गुच्छदार भएर ऊ झुल्किन्छ उत्सवमय इस्तिहार भएर ऊ बुल्किन्छ भनिएको छ ।

मेरो बुद्ध शीर्षकको कवितामा मेरो शिरमा हिमाल पग्लिरहेछ ज्ञानको खोजीमा तल मेरो बुद्ध ध्यानमग्न भै अग्लिरहेछ मेरै लुम्बिनीमा टुसाएथ्यो ऊ अहिले भगवान् भएर फैलिरहेछ भनेर कवि दाहालले लेखेका छन् । हँसिलो वदनका मिलापहरू शीर्षकको कवितामा थपिऊन् अलिकति मुस्कान निहुरिऊन् थोरबहुत लज्जापन तर नबरालिऊन् ती ओजस्वी ओठहरू नयनको ओझेल नबनी भनेर कवि दाहाल लेख्दछन् ।

मान्छे किन पो नमर्न चाहन्छ शीर्षकको कवितामा कहाँ ठान्छ र मान्छे मरिहाल्दा यति धेरै सञ्च हुन्छ एउटा चकमन्नता भरेपछि कति हो कति परम आनन्द हुन्छ तर मान्छे किन पो नमर्न चाहन्छ भनेर कवि दाहालले लेखेका छन् । जलिरहेछ आँत शीर्षकको कवितामा कहिले सगबगाउँछ दिल कहिले खादै कुटुकुटु तड्पाउँछ मुटु खै किन सकेन फुलाउन कसैले घरबार ? किन सकेन खै बसन्तको मुना पलाउन ? भनेर कविले प्रश्न गरेका छन् ।

समग्रमा हेर्दा यस कवितासङ्ग्रहका कविताहरू विचार प्रधानभन्दा बढी भावना प्रधान देखिन्छन् । यसमा जन्मस्थल, जन्मभूमि र सिङ्गो देशप्रति नै लक्षित भावुकताको उच्चतम प्रयोग पाइन्छ । टाढा बसेर जन्मघर र जन्मस्थललाई शब्दचित्रमा उतार्दा उत्पन्न हुने मानवीय संयोगको जीवन्त रूप यहाँ फेला पर्दछ, जसले गर्दा यी कविताहरू वैयक्तिक परिवेशमा सिर्जना भएका भए पनि निर्वैक्तिक अभिव्यञ्जनाका माध्यमबाट सबैका अनुभूतिका अंशियार बन्न पुगेका छन् ।

अहम् शीर्षकको कवितामा अनकन्टार हुँदै रात छिप्पिन्छ मध्यान्ह दिन भञ्ज्याङ्ग बोकेर निस्किन्छ भनिएको छ । यही हो काठमाडौं शीर्षकको अन्तिम कवितामा निसास्सिएर बाँचेको छ काठमाडौं कच्पल्टिएर खाँदिएको छ काठमाडौं आफन्त फकाउँदै माया साँचिरहेको छ कुनोकाप्चा कतै ठाउँ नपाएर खुट्टो हान्न कम्मरमा हात लाएर नाचिरहेको छ भनेर कवि दाहालले लेखेका छन् । उनले लेखेका कविताहरू अति नै सुन्दर देशप्रेमले भरिएका छन् ।

कृतिः मेरो निर्मोही जन्मघर (कवितासङ्ग्रह)
लेखकः पदम दाहाल
प्रथम संस्करणः २०८१
प्रकाशकः कुल शिरोमणि दासु स्मृति तथा अनुसन्धान प्रतिष्ठान
मूल्यः रू.३५०।- पृष्ठः ९६




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## जेनजी विद्रोहको वर्षदिनमा के सिक्यौं ?

जेनजी विद्रोह भएको पनि वर्षदिन बित्यो । ७६ जना जेनजी पुस्ताले ज्यान दिएर आएको हो यो परिवर्तन । परिवर्तनको यो एकवर्षमा अन्तरिम सरकार, चुनाव र चुनावपछि बालेन सरकार देखियो । सरकार परिवर्तन हुनु ठूलो कुरा होइन, यथार्थमा जेनजीको सपना पूरा भयो कि भएन भन्ने हो ।

मान्छे मर्छन्, वर्ष वर्ष दिनमा सराध्ये गरिन्छ । पिण्डो दिइन्छ । यसको अर्थ सम्झना गरिन्छ । हामीले असल शिक्षा लियौं कि लिएनौं भन्ने हो । जेनजी पुस्ताले बिद्रोह गर्नुपर्ने कारण के के थिए ? ती जेनजीले सिकाएका र दिएका सन्देशहरू हामीले कति अमल गर्‍यौं, महत्वपूर्ण प्रश्न यो हो । जेनजी पुस्ताले शिक्षा, स्वास्थ्य, आधारभूत आवश्यकताको सहज परिपूर्ति, भ्रष्टाचारको अन्त, भ्रष्टाचारीमाथि कारवाही, सुशासनको प्रत्याभूतिका लागि बिद्रोह गरेका थिए । रास्वपाले पाएको ऐतिहासिक जनादेश र बालेन साह प्रधानमन्त्री बनेको तिनै जेनजीका सपना पूरा गर्न हो ।

जेनजी विद्रोहको अन्तर्य भनेकै कुशासन हो । कुशासन चलाउनेहरूले गरेको बेपर्व भ्रष्टाचार, बिचौलिया संस्कृति, राज्य संयन्त्रको दोहन थियो । त्यो राजनीतिक बिकृतिबाट जेनजी पुस्तासम्म फैलिएको वितृष्णा थियो । जेनजी पुस्ताले राज्यबाट नागरिकले पाउनैपर्ने आधारभूत आवश्यकताको प्रत्याभूति थियो । कुनै नौलो कुरा उनीहरूले मागेकै थिएनन् । राज्य निरंकूश थियो, गोली हानेर जेनजीहरूलाई मार्नपुग्यो । जेनजी आक्रोसित के भएका थिए, संघीय लोकतान्त्रिक गणतन्त्र खरानी खरानी भयो । यसका खम्बाहरू प्रचण्ड, ओली, देउवाजस्ता ८ दशकसम्म पुराना दल गर्लम्मै ढले । शासन प्रशासनका कुसंस्कार बदलिनुपर्ने हो, प्रयास भइरहेको देखिन्छ । काई बनेर रहेका भ्रष्टहरू, कुडाकरकट सफाइ गर्नुपर्ने छ । यसमा पनि काम भइरहेको छ । तर बोल्ड निर्णयहरू किन हो देखिदैन । यही कमजोरीलाई फाइदा उठाएर हिजोका दागीहरूबाट खुट्टा तान्ने प्रयत्न भइरहेको देखिन्छ ।

जेनजी पुस्ताले जुन बिद्रोह गरेका थिए, त्यो सामान्य घटना थिएन । राज्यको संवेदनहीनता, असक्षमता, स्वार्थलम्पट व्यवहार, जनताप्रतिको गैरजिम्मेवारी र जवाफदेहीताविहिनतामाथिको प्रहार थियो । यो प्रहार यति भयानक हुनपुग्यो कि पुराना राज्यसंचालक र संरचना खरानी हुनपुगे । प्रधानमन्त्री थिए ओली, ज्यान बचाउन सेनाको ब्यारेकमा शरण लिनुपर्‍यो, पूर्व प्रधानमन्त्री प्रचण्ड, झलनाथ खनाल, माधव नेपाल, बाबुराम भट्टराईहरू भूमिगत हुनपर्‍यो भने राष्ट्रपति भवनमा आगजनी हुँदा राष्ट्रपति रामचन्द्र पौडेल लुक्नुपर्ने अवस्था आयो । अर्थात् जेनजी पुस्ताले परिवर्तनको शंखघोष गरेका थिए । यो यतिठूलो त्रासदीपूर्ण घटना थियो कि विश्व चकित पर्‍यो । सबैको प्रतिकृया थियो- अब नेपालमा सुशासन आउँछ, सभ्यता बस्छ ।

दोष पुराना पार्टी, नेताको थियो । तिनले कुशासन नचलाएको भए, भ्रष्टाचारमा नरमाएको भए, व्यभिचार नगरेको भए, नाताबाद र नेपोटिजमको चक्रमा अभ्यस्त नभएको भए, जेनजी पुस्ता यसरी आक्रोसित हुने थिएनन् न त जनताले जेनजी पुस्तालाई यसरी साथ दिनुपर्नेथियो । सबैको कारण २०४६ साल र २०६३ साथपछिको राजनीतिक चरित्रहीनताको परिणाम हो । अब सुशासनको जग खरानी पन्छाएर बसाल्नुपर्नेछ । वर्षदिनले सिकाएको र दिएको शिक्षा भनेकै चेतना हो । अन्यायको साथ दिदा जनता कसरी आक्रोसित हुन्छ, आगो र डढेलोजस्तै हो जनता । जब जनता जाग्छ, उसले केही पनि देख्दैन । यहीकारण भनिएको होला, जनता निर्णायक शक्ति हुन् । जनताले खोजेको परिवर्तन दिन बालेन सरकार झनै अग्रसर हुनुपर्नेछ ।

# नीति, नैतिकता भए संविधान नभए पनि हुन्छ




जनताको आशा, जेनजीको माग र शहिदको सपना पूरा हुने आशा : फेरि पनि कानै चिरिएका जोगी भन्ने उखान नबनोस् । परिवर्तन आउँछ, बालेनले आमाको सपना पूरागर्छ भन्ने जुन भाक्ष्य बनेको थियो, त्यो सार्थक होस् ।

वर्तमान नेपालले चाहेको यही हो ।

हिजोका सबै बदनाम भए, जेनजी पुस्ता बदनाम नहोस् ।

बहुदलमा कांग्रेस सभापति शेरबहादुर देउवा बदनाम भए, प्रजातन्त्र भ्रष्टाचारको कालरात्रि सावित भयो । त्यसपछि भारतले प्रजातन्त्रवादी, सर्वहारावादी, समाजवादी, आतंकवादी सबैलाई एउटे हतियार बनाएर यसरी साध लगाइ लगाइ राजतन्त्रविरूद्ध प्रहार गर्‍यो कि राजतन्त्र समाप्त पारिदियो ।

पञ्चायत निरंकूश भयो भनेर बहुदल ल्याएको, बहुदल यति छाडा भयो कि न सिद्धान्त रह्‍यो, न नैतिकता । नीति र निष्ठा भनेको सत्ता र शक्ति जसरी पनि हातपार्नुपर्छ भन्ने एकमात्र सूत्र र राजनीति त्यसको स्रोत बन्नपुग्यो । बहुदल बदनाम भएर समाप्त भयो ।

०६३ को आन्दोलनले परिवर्तन ल्यायो । यो परिवर्तनको मूल आधार थियो राजतन्त्र निरन्तर कायम रहने, लोकतान्त्रिक पद्धति स्वीकार गर्ने । राजा र ७ दलवीचको यो सम्झौतामा भारतले आफ्ना प्रतिनिधिका रूपमा तत्कालीन कांग्रेस आईका नेता करण सिंहलाई पठाएको थियो । यो सम्झौतालाई राजाले २० वर्षपछि पनि पालना गरिरहेका छन्, दलहरूले २ वर्षमै आफ्नो बचनबद्धतालाई काटे र २०६५ साल जेठ १५ गते अवैधानिक रूपमा संविधानसभा मार्फत राजतन्त्रको अन्त गरेर गणतन्त्रलाई कार्यान्वयन गरे । त्यसपछि राजतन्त्र र हिन्दुराष्ट्र राजनीतिक मुद्दाका रूपमा अद्यापि कायमै छ ।

२०७२ सालमा संविधान जारी गरियो, यो संविधानले लिखित रूपमै धर्मनिरपेक्षता घोषणा गरेर इसाई र मुसाईकरणलाई तीब्रता दियो । संविधान जारी हुनुपूर्व राजनीतिमा राज्यसत्तालाई व्यभिचारको सिकार बनाइएको थियो भने संविधानसभा सदस्यको किनबेच, दाइजो दिने, रातो पासपोर्ट खरिद बिक्री गर्ने, मानव बेचबिखन आम्दानीको स्रोत बनाइएको थियो । अर्थात्, राजनीतिले राज्यलाई अराजक बनाइसकेको थियो । जनतामा असन्तुष्टि बढ्दै थियो ।

संविधानले ७५३ स्थानीय सरकार र प्रदेश र केन्द्र सरकार गरेर ७६१ सरकार बनायो । सयभन्दा बढी मन्त्री छन, ८ सय जति सांसद छन् । ३६ हजार स्थानीय जनप्रतिनिधि रहेका छन् । आयोग, समितिहरू छन्, भूतपूर्व विशिष्टहरूलाई आजीवन भत्ताको व्यवस्था गरिएको छ । पार्टीका नेता, कर्मचारी, सहयोगी, सल्लाहकार कति छन्, कति ? अमेरिकाजस्तो मुलुकमा ४ सय हाराहारीमा भीआईपी छन्, नेपालमा ४ हजारभन्दा बढी भीआइपीलाई सेवा पुर्‍याउनु छ । यी सबैलाई जनताले कर तिरेर पाल्नुपरेको, सेवा दिनुपरेको छ । अर्थात्, बग्रेल्ती सेता हात्तीहरूलाई घाँसपात हालिरहनुपरेको छ । पाल्नुपरेको छ ।

अचम्म त के छ भने जातभात, छुवाछुत अन्त्य गर्ने भन्ने संविधानको भावना विपरित वार्षिक १ अर्वभन्दा बढी खर्च थारू, मुस्लिम, मधेशी, समावेशी, महिला, दलित, आदिवासी, भाषा, किसान, शिक्षा, प्राकृतिक स्रोत तथा वित्त, सूचना अनेक आयोगहरू रहेका छन् । एउटै सर्वपक्षीय आयोग बनाए हुने ठाउँमा सबैलाई खुशी पार्न र जागीर दिने प्रपञ्च गरिएको छ । जुन आलोच्य छ ।

देशको आर्थिक स्थिति नाजुक छ । अर्थतन्त्रको ढाड भाँचिएको अवस्था छ । विश्व अर्थजगतमा नेपाल ग्रेलिष्टमा परिसकेको छ । देशको आर्थिक औकात नै विचार नगरी लोकतान्त्रिक गणतन्त्रलाई लूटको अखडा बनाइएकाले विकास खर्च खुम्चिएको छ । वैदेशिक ऋण बढ्दै ३४ खर्ब पुगिसक्यो, देशको बजेट २२ खर्बमा समेटिएको छ । त्यसमा पनि वैदेशक ऋणको सावाब्याज, चालु खर्च बढेका कारण विकास खर्च खासै हुनसकेको देखिदैन । अर्थात् देशको हालत खस्कदै जाँदो छ । देश असफल हुनहुन्न ।

घाँटी हेरी हाड निल्नु भन्ने बुढापाकाको भनाइ सुनवाई हुनसकेको छैन । यसतिर बालेन सरकारले ध्यान देओस् । इमान छ, अक्किल लगाओस् ।

संघीय गणतन्त्रले मच्चाएको व्यभिचार र लूटतन्त्रका विरूद्ध जनताले आवाज उठाए । यो आवाजलाई २० वर्षे परिवर्तन र लोकतान्त्रिक गणतन्त्रवादी नेताहरूले एउटा कानले सुनेर अर्को कानले उडाइदिए । जनताले बाध्य भएर राजतन्त्र जिन्दावाद, राजा आउ देश बचाउ भनेर नारावाजी गर्न थाले । राजालाई प्रदेश प्रदेश, क्षेत्र क्षेत्रमा निम्त्याएर अभिनन्दन गर्न थाले । तैपनि गणतन्त्रवादीहरूले राज्यदोहन र जनअधिकारमाथि मनपर्दी गरिरहेकाले अन्ततः जेनजी पुस्ताले बिद्रोह गरे, सिद्धान्तहीन, नैतिकपतन गणतन्त्रको सत्ता र शक्ति २७ घण्टामा बालुवाको महल ढलेझैं ढल्यो । जेनजीले ढाले ।

गणतन्त्र ढल्दा, म गणतन्त्रवादी हुँ भनेर उभिने एकजना पनि देखिएनन् । जसरी पञ्चायत ढल्दा पञ्च बहुदलको छायाँमा हराएका थिए, बहुदल ढल्दा बहुदलवादी अतिवादीको छायाँमा पुगेका थिए, लोकतान्त्रिक गणतन्त्र खरानी हुँदा केपी ओलीजस्ता गणतन्त्रवादीलाई सेनाले बचाउनु पर्‍यो, देउवाजस्ता गणतन्त्रवादी रगतपच्छे भएर रूनु र विदेश भाग्नुपर्‍यो, प्रचण्डजस्ता सर्वहारावादी जो माओवादी त्यागेर नेकपामा पुगेका छन्, उनी आजसम्म शिर उठाउन सक्ने हालतमा छैनन् । तथापि सुरक्षाघेरामा उनी गणतन्त्र मास्न दिइन्न भनेर भ्यागुते उफ्राइ गरिरहेकै छन् । अरू पार्टी मिलाएर आन्दोलन गर्ने धमास दिन थालेका छन् ।

यथार्थमा पुरानो पुस्ताको पतन र नयाँ पुस्ताको उदय थियो, जेनजी विद्रोहको सफलता । त्यसपछि जनताले निर्वाचनमा नयाँ पुस्तालाई विश्वास गरे, परिवर्तनका लागि रास्वपालाई मतादेश थिए । बालेन सरकार बन्यो । झण्डै ६ महिनाको कार्यकालमा बालेन सरकारले जनतासँग गरेको करार र घोषणाअनुसार काम गर्न नसकेकोमा टिप्पणी भइरहेको छ । संसदमा विपक्षी दलले र सडकमा अलग धारमा विश्वास गर्नेहरूले बालेन सरकारको तीब्र आलोचना गरिरहेका छन् । आलोचनालाई प्रम बालेन साहले शक्ति बनाएको देखिन्छ ।

विपक्षी बिरोधमात्र सुन्ने हो भने प्रश्न उठ्छ- बालेन साहको तालुमा आलु फलेकै हो ? यिनमा काम गर्ने क्षमता छैन । तर बुझेकाहरूको निष्कर्ष छ, अनुभवको कमीका कारण निर्णय र कार्यान्वयनमा कमजोरी देखिएको हो । बालेन साहले परिवर्तन गर्दैछन्, नतिजा देखिदैछ ।

पुराना दलहरूले बालेन सरकारलाई सय दिनको समय पनि दिएनन्, काम गर्न र कामको मूल्याङ्कन गर्न । सुरूदेखि थालिएको विरोध अहिले झन झन चर्को हुँदै गएको छ । यही समयमा लघुवित्त पीडित, मिटरव्याज पीडित, सहकारी पीडित, सुकुम्वासी समस्या, न्याय पाइएन भन्नेहरूको आवाज सडकमा छताछुल्ल भइरह्‍यो भने भदौ १० गते भोटेकोशीको बाढी महाप्रलय भएर आयो । बालेन सरकारले यो वर्षलाई सुशासनको वर्ष भनेर काम के थालेको थियो, समस्या माथि समस्या थपिदै गयो । समस्यासँग जुद्धाजुध्दैमा सुशासन कायम गर्ने काममा ढिलाइ हुँदै गएको छ ।

हिजो ७६१ सरकारले केही गरेन भनियो, आज पनि हालत लौरो न हतियार कै जस्तो देखिन्छ । जनमानसमा जुन जोगी आए पनि कानै चिरिएको भन्ने तिक्ततामा पनि बढेको छ । हात्ती आयो हात्ती आयो फुस्सा भन्नेहरू पनि भेटिन्छन् । तर स्थानीय स्तरमा संगठन नहुँदा पनि जुन प्रकारको सुधारको सुनामी सिर्जना भएको छ, यो गजबैको छ ।

बालेन सरकारको शक्ति भनेको इमानदारिता हो । घूस खायो, भ्रष्टाचार गर्‍यो भन्ने कुनै समाचार आएका छैनन् । बिरोधका लागि बिरोध गर्नेहरूले जेसुकै भनुन्, अमेरिकी एउटा पत्रिकाले परिवर्तनका लागि बालेन, रवि, सुदनजस्तालाई तैयार गरेको भन्ने अतिप्रचार पनि भइरहेको छ । यथार्थ के हो भने जेनजी विद्रोह भएकै हो र यो बिद्रोह जेनजी पुस्ताले नै गरेका हुन् । यो विद्रोहमा ७६ जेनजीले ज्यान दिएकै हुन्, कति अन्धअपाङ्ग बने तिनको हिसाव किताव हुनैबाँकी छ । यिनै जेनजी पुस्ताको प्रतिनिधिपात्र बनेर बालेन साहले देश बनाउनु छ, सुशासन दिनुछ ।

प्रम बालेनले भनेका छन्- म देश बनाउन आएको हुँ । जेनजीको सपना बिर्सन्न, शहिदप्रति उच्च सम्मान छ ।

हो, घोडा चढने लड्छ, अर्थात काम गर्दा बिग्रन पनि सक्छ । अनुभवको कमीले बालेन सरकारमा कमीकमजोरी देखिएको छ । ती सुधार हुनुपर्छ । देश र जनताको सामर्थ्य धान्दै र अपेक्षा पुरा गर्दै अघि बढ्नुपर्छ । देशमा स्थिरता, शान्ति र विकास गर्नैपर्छ । बिध्वंशपछिको निर्माणमा इन्जिनियर प्रम बालेन साहले जनतालाई जित्तबुझ्दो खाका, तस्वीर सार्वजनिक गरेर, त्यो अनुसार राज्यसत्तालाई कृयाशील पार्नुपर्छ । पार्दैछन्, बालेन अघि बढ्दैछन् । बालेन साह सफल हुनथालेपछि प्रतिपक्षीहरूको सातोपुत्लो उडेको देखिन्छ । बालेन साहलाई ऐतिहासिक दायित्वबोध छ, पूरा गर्छु भन्ने अठोट पनि छ, उनलाई मतदान गर्नेहरूको विश्वासमा कमी आएको छैन ।

प्रम बालेन साहले संसदको मर्यादा राखेनन् भन्ने आरोप छ । देशका प्रधानमन्त्री कार्यकारी प्रधानमन्त्रीको पक्षमा भए पनि संविधान संशोधन नभएसम्म यही संसदप्रति जवाफदेही हुनुपर्छ र जनता, प्रेस र संसदसँग जोडिनुपर्छ । सायद यही बुझेर असोज ३ गते संविधान दिवसका दिन टुँडिखेलबाट संविधान सफल पार्न हातहरू पनि चल्नुपर्छ भनेका हुन् । बालेन साहले कारीगरी राजनीतिक हात चलाउन थालेको अनुभूति भइरहेको छ ।

कार्यकारी प्रधानमन्त्री, संघीयताको अन्त अथवा सिमितता, हिन्दुराष्ट्र र राजनीतिक मुद्दाको अन्त्य गर्ने हो भने पनि प्रम बालेन र रास्वपाले सबै राजनीतिक शक्तिहरूसँग संवाद, सहमति र सहकार्य गर्नैपर्छ । कुनै दिन भ्रष्टाचारीलाई किरा परोस भन्ने राजनीतिक नारा उठेको थियो, अहिले भ्रष्टाचारीको मुखै हेर्दिन भन्ने बालेन व्यवहार उठेजस्तो अनुभूति भइरहेको छ । जे होस्, दलहरू छन्, दलहरूभित्र सिद्धान्तनिष्ठा पनि छन्, यसकारण सम्पर्क र संवाद त सबैसँग हुनैपर्छ । हेक्का रहोस् । अब प्रम बालेनले राजनीतिक संवादबाट संविधान संशोधनको तैयारीमा पनि जुट्नुपर्छ । जनताले भार भनेको संघीयतालाई स्थगन गर्नतिर लाग्नुपर्छ । यसबाट ठूलो धनराशी बचत हुन्छ, जसले पुनर्निर्माणमा सघाउ पुग्नेछ ।

हिजोका पार्टीहरू जनतामा भ्रम छरेर खानकै लागि राजनीति गर्थे । यो सरकारले केही गर्नका लागि राजनीतिक संस्कार बसाल्नुपर्छ । ३ करोड जनसंख्या, त्यसमा पनि एककरोड विदेशीएका छन्, यति सानो जनसंख्यालाई सामर्थ्यहीन बनाएर सरकारै सरकार राख्न जरूरी छैन । बाँडिएको शक्ति र सामल, भाँडिएको राजनीतिलाई ठेगानमा ल्याउन बालेनले न्वारानको बल लगाउनैपर्छ ।

हिजोसम्म विकासका नाममा बिनासकारी सरकार थियो । संरचना थियो । अबको राज्यसंरचना विकासवादी बनाउन जरूरी छ । यसका लागि कडा निर्णय गर्नुपर्छ । प्रम बालेन र रास्वपाका साथमा आमनागरिकको विश्वास छ । त्यो विश्वासलाई शक्तिको औजारका रूपमा प्रयोग गरेर परिवर्तनको झल्को देखाउने अभिभारा बालेन सरकारको काँधमा आएको छ । आगामी दिनको राजनीति ब्वाँसोको चालजसरी चल्दैन । परिवर्तन शासनमा, प्रशासनमा, चरित्रमा र जनजीवनमा देखिनुपर्छ ।

मेचीले महाकाली जोड्नुपर्छ, तराईले हिमाल । कुनै पनि क्षेत्र विकट भएर रहनुसक्दैन । कनेक्टिभिटी नै नेपालको विकासको आधार हुनुपर्छ । तराईका फसल हिमालसम्म, हिमाल पहाडका फसल तराईसम्म सहज आउनुपर्छ । अर्थतन्त्रको चलायमान भनेकै सञ्चारसम्पर्क हो । प्राकृतिक विपद् अथवा अन्य विपद् आइरहनसक्छन् । विपद्सँग जुध्नका लागि पनि साधन र स्रोत चाहिन्छ । सहज सम्पर्कले विपद्, जोखिमसँग जुध्न सकिन्छ । अर्थतन्त्र चलायमान भएपछि विदेशी आशामा भर गर्न पनि पर्दैन । सवल अर्थनीति, सवल राजनीति र कूटनीति, यसका लागि राजनीतिक र प्रशासनिक प्राणीमा नैतिक चरित्र । यत्ति भयो भने परिवर्तन आफैबाट सुरूहुन्छ, समाज र देशमा परिवर्तनको उज्यालो देखिन्छ ।

जेनजी विद्रोह उज्यालो राजनीतिका लागि हो । नीति, नैतिकता र चरित्र भयो भने संविधान भए के नभए के ?



## ओजोन: भियना महासन्धिदेखि राष्ट्रसंघसम्म

**डा. केदार कार्की-**

*हरेक वर्ष सेप्टेम्बर १६ मा विश्व ओजोन तह बचाउ दिवस मनाइन्छ । ओजोन तह पृथ्वीलाई सूर्यबाट आउने हानिकारक किरणबाट जोगाउने सुरक्षा कवच हो । यसको संरक्षण मानव स्वास्थ्य, कृषि, वन्यजन्तु र समग्र वातावरणका लागि महत्वपूर्ण छ । तर वातावरण संरक्षणका विषयमा विश्वले दशकौंदेखि आवाज उठाउँदै आए पनि पृथ्वीको तापक्रम बढ्ने क्रम भने रोकिएको छैन । नेपालजस्तो हिमाल, पहाड र तराईको विविध भौगोलिक संरचना भएको मुलुकमा यसको असर गम्भीर बन्दै गएको छ । ओजोन तह वायुमण्डलको समतापमण्डलमा अवस्थित छ । यसले सूर्यबाट निस्कने हानिकारक यूवी-बीकिरणहरूको भागलाई रोक्छ । यी किरणहरू सिधै पृथ्वीमा पुगे भने, छालाको क्यान्सर, आँखाको रोग र मानिसहरूमा कमजोर प्रतिरक्षा प्रणालीको जोखिम बढाउन सक्छन् । बिस्तृतमा* https://nepaltoday.com.np/views/18804

Gorkha Express Weekly

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# डेंगु रोग





डा. केदार कार्की

डेंगु रोग (जसलाई सामान्यतया; हड्डी तोड्ने ज्वरो; वा ;ब्रेक-बोन फिभर; पनि भनिन्छ) डेंगु भाइरस (DENV) का कारण लाग्ने लामखुट्टेको टोकाइबाट सर्ने भाइरल संक्रमण हो ।

विगत केही शताब्दीहरूमा डेंगु ज्वरो एउटा दुर्लभ र सीमित क्षेत्रमा पाइने उष्णकटिबंधीय रोगबाट विश्वव्यापी जनस्वास्थ्यको प्रमुख खतराको रूपमा परिणत भएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार, यो रोग अहिले १०० भन्दा बढी देशहरूमा स्थायी रूपमा विद्यमान (endemic) छ र यसले विश्वको आधाभन्दा बढी जनसंख्यालाई जोखिममा पारेको छ । यस रोगको ऐतिहासिक र महामारी- सम्बन्धी घटनाक्रमले यसको विश्वव्यापी विस्तारलाई यसरी चित्रण गर्दछः

प्रारम्भिक इतिहासः २० औं शताब्दीभन्दा अघि – पहिलो प्रमाणः

डेंगुसँग मिल्दोजुल्दो लक्षणहरू पहिलो पटक चिनियाँ राजवंश ; चिन; (Chin Dynasty, सन् २६५-४२०) को समयमा एउटा चिनियाँ चिकित्सा विश्वकोशमा उल्लेख गरिएको पाइन्छ, जहाँ यसलाई उड्ने कीराहरूसँग सम्बन्धित ;जल-विष; (water poison) भनिएको थियो । जलमार्गबाट रूरूविश्वव्यापी विस्तारः सन् १७७९ र १७८० को बीचमा एसिया, अफ्रिका र उत्तर अमेरिकामा लगभग एकैसाथ पहिलो पटक व्यापक महामारीहरू देखा परेका थिए । सन् १७८० मा फिलाडेल्फिया (अमेरिका) मा फैलिएको महामारीका बेला यसले हड्डी र जोर्नीहरूमा अत्यधिक पीडा गराउने भएकाले यसलाई ; ब्रेक-बोन फिभर; (हड्डी भाँच्चिएजस्तो पीडा हुने ज्वरो) नाम दिइयो । रोग सार्ने माध्यम (Vector) र व्यापारिक मार्गः १८ औं र १९ औं शताब्दीमा व्यावसायिक जल-परिवहन सञ्जालको विस्तारले विश्वभरका बन्दरगाह सहरहरूमा; एडिस; (Aedes) लामखुट्टे र भाइरसको फैलावटलाई सहज बनायो, जसले गर्दा यो अमेरिका, क्यारिबियन र एसियाली क्षेत्रहरूमा बारम्बार दोहोरिने महामारीको रूपमा स्थापित भयो । २० औं शताब्दीको मध्यः दोस्रो विश्वयुद्ध र परिस्थितिमा आएको परिवर्तन – भाइरसको पहिचान/पृथकीकरणः सन् १९४३ मा वैज्ञानिकहरूले पहिलो पटक डेंगु भाइरसलाई पृथक (isolate) गर्न सफल भए ।

पारिस्थितिक प्रणालीमा अवरोधः दोस्रो विश्वयुद्धले यस भाइरसको विश्वव्यापी महामारी-सम्बन्धी स्वरूपलाई परिवर्तन गरिदियो । दक्षिण प्रशान्त र दक्षिण-पूर्वी एसियामा सेना, भारी मेसिनरी, मालसामान र गोलाबारूदको व्यापक आवतजावतले लामखुट्टेको प्रजननका लागि उपयुक्त वातावरण (जस्तैः फालिएका पानीका ड्रमहरू र बम विष्फोटबाट बनेका खाडलहरू) सिर्जना गर्‍यो ।

गम्भीर डेंगुको उदयः युद्धको समयमा र त्यसपछि आएका वातावरणीय परिवर्तनहरूले डेंगुका विभिन्न सेरोटाइपहरू (DENV १-४) को अत्यधिक व्यापक प्रसार (hyper–endemic circulation) गरायो । यसको परिणामस्वरूप सन् १९५४ मा फिलिपिन्सको मनिलामा; डेंगु हेमोरेजिक फिभर; (DHF) को पहिलो अभिलेखित महामारी देखा पर्‍यो । सन् १९७० को दशकसम्म आइपुग्दा, दक्षिण-पूर्वी एसियामा अस्पताल भर्ना हुनुपर्ने अवस्था र बाल मृत्युदरको प्रमुख कारणमध्ये एक; डेंगु हेमोरेजिक फिभर; (म्जँ) बनिसकेको थियो । बीसौं शताब्दीको उत्तरार्धः तीव्र सहरीकरण (सन् १९७०-१९९० को दशक) – अमेरिका महाद्वीपमा पुनः आगमनः सन् १९५० र ६० को दशकमा, ;पान अमेरिकन हेल्थ अर्गनाइजेसन; (PAHO) को नेतृत्वमा सञ्चालित सफल लामखुट्टे उन्मूलन अभियानले सुरूमा मध्य र दक्षिण अमेरिकाका अधिकांश भागबाट *Aedes aegypti* (एडिस एजिप्टाई) लामखुट्टेलाई हटाएको थियो । तर, उक्त अभियान समाप्त भएसँगै सन् १९७० को दशकको अन्त्यसम्ममा ती लामखुट्टेहरूले सो क्षेत्रमा पुनः प्रवेश गरे । सन् १९८१ को क्युबा महामारीः सन् १९८१ मा क्युबाले अमेरिका महाद्वीपमै पहिलो पटक डेंगु हेमोरेजिक फिभर (DHF) को ठूलो महामारीको सामना गर्‍यो; यस क्रममा केही महिनाभित्रै ३ लाख ४० हजारभन्दा बढी मानिसहरू संक्रमित भए र १५८ जनाको मृत्यु भयो । यस घटनापछि, यो रोग मध्य र दक्षिण अमेरिकाभरि स्थानीय (endemic) रोगका रूपमा फैलियो ।

अव्यवस्थित सहरी विस्तारः तीव्र जनसंख्या वृद्धि, विश्वव्यापीकरण, फोहोर

व्यवस्थापनको कमजोर पूर्वाधार र खानेपानीको अविश्वसनीय आपूर्तिका कारण मानिसहरू खुला भाँडाहरूमा पानी जम्मा गर्न बाध्य भए; यी सबै कारणहरूले विश्वभरका सहरी केन्द्रहरूमा ठूला महामारीहरू निम्त्याए ।

सन् २०२४ को ऐतिहासिक प्रकोपः विश्वव्यापी जलवायु परिवर्तन, बढ्दो तापक्रम र एल निनो, (El Niño) मौसमी प्रणालीका कारण, सन् २०२४ डेंगुका लागि हालसम्मकै सबैभन्दा खराब वर्ष साबित भयो । सन् २०२४ को सुरूवाती समयसम्ममा अमेरिका महादेशमा मात्र ७० लाखभन्दा बढी संक्रमितहरू फेला परेका थिए, जसमा ब्राजिलजस्ता देशहरूमा मात्रै संक्रमितको संख्या १ करोड नाघेको थियो । भौगोलिक विस्तार (सन् २०२५-२०२६): विश्वव्यापी तापक्रममा भएको वृद्धिका कारण ; एडिस; (Aedes) लामखुट्टेहरूले अब उत्तरतर्फ र उच्च भू-भागहरूमा पनि आफ्नो उपस्थिति विस्तार गर्न थालेका छन् । हाल दक्षिणी युरोप (फ्रान्स, इटाली, स्पेन), हिमालय क्षेत्रका उच्च भू-भागहरू (नेपाल र भुटान) तथा अमेरिकाका फ्लोरिडा र क्यालिफोर्नियाजस्ता क्षेत्रहरूमा पनि डेंगुको स्थानीय संक्रमण नियमित रूपमा देखिन थालेको छ ।

महामारी विज्ञानः वाहकहरूः यो भाइरल संक्रमण मुख्यतया पोथी एडिस एजिप्टी लामखुट्टे र केही हदसम्म एडिज एल्बोपिक्टस लामखुट्टेबाट सर्ने गर्दछ । मौसमी अवस्थाः यसको संक्रमण पूर्णतया मौसमी ढाँचामा आधारित हुन्छ ।

लामखुट्टेको प्रजननका लागि उपयुक्त हुने जमेको पानीको उपलब्धताका कारण, यसको संक्रमण मनसुन र मनसुनपछिको वर्षाको चक्रसँग जोडिएको हुन्छ । भाइरसको गतिशीलताः नेपालमा ऐतिहासिक रूपमा यस भाइरसका चारै प्रकार (सेरोटाइप) हरू देखिए पनि, पटक-पटक हुने संक्रमणले जनसङ्ख्यालाई ;डेङ्गु हेमोरेजिक फिभर; (डिएचएफ) र ;डेङ्गु शक सिन्ड्रोम; (डीएसएस)जस्ता गम्भीर जटिलताहरूको उच्च जोखिममा पार्छ । हालै देखिएका संक्रमणका ठूला लहरहरू मुख्यतया DENV1 / DENV3 सेरोटाइपहरूको आलोपालो प्रभुत्वका कारण बढेका हुन् ।

प्रमुख ऐतिहासिक तथा हालैका प्रकोपहरूः सन् २०१९ को प्रकोपः नेपालले ६८ जिल्लामा फैलिएको १७,९०० भन्दा बढी पुष्टि भएका केसहरूसहितको गम्भीर र जनजीवनमा ठूलो असर पार्ने प्रकोपको सामना गर्‍यो । सन् २०२२ को महामारीः नेपालले अहिलेसम्मकै सबैभन्दा ठूलो डेङ्गु प्रकोपको सामना गर्‍यो; ५४,७८४ पुष्टि भएका केस र ८८ जनाको मृत्युसहित यो देशभरि संकटको रूपमा फैलियो ।

पहिलो पटक ७७ वटै जिल्लामा संक्रमण देखिएको थियो भने काठमाडौं उपत्यका र अन्य सहरी क्षेत्रका प्रमुख अस्पतालहरूमा बिरामीको अत्यधिक चापले गर्दा व्यवस्थापनमा ठूलो दबाब परेको थियो । सन् २०२५ को सिजनः भाइरसको प्रभाव लगभग सम्पूर्ण भौगोलिक क्षेत्रमा फैलियो; ७७ मध्ये ७६ जिल्लामा (लामखुट्टेका लागि चिसो मानिने उच्च पहाडी क्षेत्रहरू समेत) संक्रमण देखियो, जसमा करिब ९,००० संक्रमित र ६ जनाको मृत्यु दर्ता भयो ।

नेपालमा डेंगुको इतिहास – पहिलो पहिचान (सन् २००४-२००५): नेपालमा डेंगुको पहिलो आधिकारिक घटना सन् २००४ मा तराईको उष्णकटिबंधीय क्षेत्र (विशेष गरी चितवन जिल्ला) मा देखिएको थियो; सुरूमा यो भारतबाट फर्किएका एक यात्रीमार्फत भित्रिएको आशंका गरिएको थियो । सन् २००५ सम्ममा, स्थानीय स्तरमा छिटपुट घटनाहरू अझ बढी देखिन थाले । सन् २००६ को अगस्टदेखि नोभेम्बरको बीचमा तराई क्षेत्रका प्रमुख अस्पतालहरूमा यसको पहिलो स्थानीय महामारी (outbreak) देखा पर्‍यो । त्यस समयमा गरिएका अध्ययनहरूले नेपालमा डेंगु भाइरसका चारै प्रकारका सेरोटाइपहरू (DENV1, DENV2, DENV3 / DENV–4) फैलिसकेको पुष्टि गरे । सन् २०१० मा पनि यसको संक्रमणमा अर्को उल्लेखनीय वृद्धि देखियो ।

यस रोगको मुख्य वाहक लामखुट्टे, ; एडिस एजिप्टी; (Aedes aegypti), पहिलो पटक सन् २००९ मा राजधानी काठमाडौंमा फेला परेको थियो । हाल यो रोग पहाडी तथा हिमाली क्षेत्रहरूमा समेत स्थायी रूपमा फैलिसकेको छ ।

हालको अवस्था (सन् २०२६): वर्तमान मनसुन सिजनको उच्च विन्दुसम्म आइपुग्दा, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) ले डेङ्गु ७७ मध्ये ७४ जिल्लामा फैलिसकेको जनाएको छ । हाल गण्डकी प्रदेशमा सबैभन्दा बढी (१,०१० भन्दा बढी) केसहरू देखिएका छन् (जसमा कास्की र बागलुङ मुख्य केन्द्र रहेका छन्); त्यसपछि कोशी, लुम्बिनी र बागमती प्रदेशहरू रहेका छन् । देशभर २,८४४ भन्दा बढी केस र २ जनाको मृत्यु पुष्टि भइसकेको छ, जसका कारण सरकारले

जुलाईको मध्यदेखि अक्टोबरको मध्यसम्म चल्ने गरी; खोज र नष्ट गर; (Search and Destroy) भन्ने व्यापक तथा बहु-क्षेत्रीय सचेतना अभियान सञ्चालन गरेको छ । नेपालमा पछिल्लो समय डेंगु संक्रमणको जोखिम तीव्र रूपमा बढिरहेको छ ।

स्वास्थ्य अधिकारीहरूका अनुसार हालसम्म देशभरका ७२ भन्दा बढी जिल्लाहरूमा डेंगु संक्रमण फैलिसकेको छ । गण्डकी प्रदेशमा पनि संक्रमणको अवस्था निकै उच्च छ । मनसुन सक्रिय भएसँगै लामखुट्टेको प्रजनन प्रक्रिया तीव्र हुने हुनाले गण्डकीका ८५ स्थानीय तहमध्ये अधिकांश पालिकामा डेंगुका बिरामी भेटिएका छन् । प्रादेशिक तथ्यांक अनुसार गण्डकी प्रदेशमा कास्की र बागलुङ डेंगु संक्रमणको मुख्य; हटस्पट; बनेका छन् ।

डेंगु एडिस : संक्रमित लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको भाइरल ज्वरो हो । यसको जोखिमबाट बच्न र नियन्त्रण गर्न स्वास्थ्य मन्त्रालय र विभिन्न स्थानीय पालिकाहरूले ७त्रगयत;खोज र नष्ट गर७त्रगयत; (Larva Search and Destroy) अभियान संचालन गरिरहेका छन् ।

डेंगु संक्रमणका मुख्य लक्षणहरूः

उच्च ज्वरो, आँखाको गेडी र टाउको अत्यधिक दुख्नु । मांसपेशी, जोर्नी तथा हाडहरू दुख्नु, शरीरमा राता डाबर देखा पर्नु, थकान र वाकवाकी लाग्नु ।

बच्ने उपायहरूः

१. घर, कार्यालय वा विद्यालय वरिपरि पानी जम्न नदिने ।

२. शरीर ढाक्ने लामो बाहुला भएका कपडा लगाउने र सुत्ने झुलको प्रयोग गर्ने ।

३. सङ्क्रमण नियन्त्रणः घरका झ्यालढोकामा जाली लगाउने र लामखुट्टे भगाउने धुप वा क्रिमहरू प्रयोग गर्ने ।

# नेपालमा रहेको उच्चस्तरीय युरेनियम

- एड्रियन मर्सर -




U-२३५, U-२३८ र युरेनियम : ऊर्जा, स्वास्थ्य, प्रविधि र राष्ट्रिय सुरक्षासँग जोडिएको रणनीतिक तत्व ।

युरेनियम पृथ्वीमा प्राकृतिक रूपमा पाइने भारी धातु मात्र होइन । यो आधुनिक परमाणु ऊर्जा, विकिरण विज्ञान, चिकित्सा, भूगर्भ अध्ययन, उद्योग, राष्ट्रिय सुरक्षा र विश्व शक्ति प्रतिस्पर्धासँग जोडिएको अत्यन्त रणनीतिक तत्व हो ।

युरेनियमको रासायनिक संकेत U हो र यसको परमाणु संख्या ९२ हो । अर्थात यसको प्रत्येक परमाणुको केन्द्रमा ९२ प्रोटोन हुन्छन् । तर सबै युरेनियम परमाणुमा न्युट्रोनको संख्या समान हुँदैन । यही फरकका कारण युरेनियमका विभिन्न समस्थानिक बन्छन् ।

U-२३५ किन विशेष छ ?

U-२३५ परमाणु ऊर्जा विज्ञानमा सबैभन्दा महत्वपूर्ण समस्थानिकमध्ये एक हो । यसको प्रमुख विशेषता यसले अपेक्षाकृत कम ऊर्जाका न्युट्रोन अवशोषण गरेपछि विखण्डन गर्नसक्छ । विखण्डन हुँदा यसको परमाणु केन्द्रक दुई साना केन्द्रकमा विभाजित हुन्छ र ठूलो परिमाणमा ऊर्जा तथा थप न्युट्रोन निस्कन्छन् । यी न्युट्रोनले अन्य ग-२३५ परमाणुमा प्रतिक्रिया गराउँदा श्रृंखलाबद्ध परमाणु प्रतिक्रिया सम्भव हुन्छ ।

यही गुणका कारण U-२३५ परमाणु ऊर्जा केन्द्रमा इन्धनका रूपमा प्रयोग हुन्छ । परमाणु भट्टीमा यो प्रक्रिया अत्यन्त नियन्त्रित अवस्थामा सञ्चालन गरिन्छ । उत्पादित तापबाट पानी तताइन्छ, बाफ बनाइन्छ र टर्बाइन चलाएर विद्युत उत्पादन गरिन्छ । एउटै इन्धनबाट अत्यन्त ठूलो परिमाणमा ऊर्जा निकाल्न सकिने भएकाले परमाणु ऊर्जाको ऊर्जा घनत्व जीवाश्म इन्धनभन्दा धेरै उच्च हुन्छ । यहाँ महत्वपूर्ण कुरा के हो भने ऊर्जा उत्पादनका लागि प्रयोग हुने समृद्ध युरेनियम र सैन्य प्रयोजनका लागि प्रयोग हुन सक्ने अत्यधिक समृद्ध पदार्थबीच ठूलो प्रविधिक र नियामक अन्तर हुन्छ । यही कारण युरेनियम समृद्धिकरण अन्तर्राष्ट्रिय परमाणु निगरानीको अत्यन्त संवेदनशील विषय हो ।

प्राकृतिक युरेनियमको लगभग सम्पूर्ण हिस्सा U-२३८ हो । यसले न्युट्रोन अवशोषण गरेपछि क्रमिक परमाणु रूपान्तरणमार्फत प्लुटोनियम-२३९ निर्माण गर्न सक्छ, जुन विखण्डनशील पदार्थ हो । यही कारण U-२३८ परमाणु इन्धन चक्र, केही उन्नत भट्टी प्रणाली र रणनीतिक परमाणु प्रविधिमा महत्वपूर्ण हुन्छ । यसको उच्च घनत्वका कारण घटाइएको युरेनियम अर्थात डिप्लिटेड युरेनियम केही औद्योगिक र विशेष सैन्य प्रयोगमा पनि प्रयोग भएको छ । तर यस्तो प्रयोग विकिरणभन्दा बढी भारी धातुको रासायनिक विषाक्तता, धुलोको सम्पर्क र वातावरणीय प्रदूषणका कारण विवादास्पद रहँदै आएको छ ।

U-२३५ को अर्धआयु करिब ७० करोड वर्ष छ भने U-२३८ को अर्धआयु करिब ४ अर्ब ४७ करोड वर्ष छ । अर्धआयु भन्नाले कुनै रेडियोधर्मी पदार्थको आधा परमाणु क्षय हुन लाग्ने औसत समय हो । यति लामो अर्धआयु भएकै कारण पृथ्वी निर्माण भएको अर्बौं वर्षपछि पनि प्राकृतिक युरेनियम आजसम्म पृथ्वीको भूपपटीमा पाइन्छ । युरेनियम स्वयं भारी धातु भएकाले यसको रासायनिक विषाक्तता विशेषगरी मिर्गौलाका लागि महत्वपूर्ण जोखिम हो ।

त्यसैले युरेनियम स्वास्थ्य जोखिमलाई केवल 'रेडिएसन' को दृष्टिले हेर्न पर्याप्त हुँदैन । रासायनिक विषाक्तता, धुलोको सम्पर्क, पानी प्रदूषण, खानी क्षेत्रको वातावरणीय अवस्था तथा यसको क्षय श्रृंखलाबाट उत्पन्न हुने अन्य रेडियोधर्मी तत्वसमेत मूल्यांकन गर्नुपर्छ ।

U-२३८ को प्राकृतिक क्षय श्रृंखलामा विभिन्न रेडियोधर्मी तत्व बन्दै अन्ततः राडोन ग्यास उत्पन्न हुन्छ । राडोन रंगहीन, गन्धहीन र स्वादहीन रेडियोधर्मी ग्यास हो । यो विशेषगरी बन्द भवन, भूमिगत संरचना, खानी र युरेनियमयुक्त भूगर्भ भएको क्षेत्रमा जम्मा हुन सक्छ । दीर्घकालीन राडोन सम्पर्क फोक्सोको क्यान्सरसँग सम्बन्धित वातावरणीय जोखिम मानिन्छ ।

युरेनियम कहाँ पाइन्छ ?

युरेनियम प्रायः छुट्टै चम्किलो धातुका रूपमा सतहमा देखिँदैन । यो विभिन्न चट्टान र खनिजमा कम वा बढी मात्रामा फैलिएको हुन्छ । ग्रेनाइट, पेग्माटाइट, बलौटे चट्टान तथा विशेष भूगर्भिक संरचनामा युरेनियम बढी हुन सक्छ ।

यसैले कुनै क्षेत्रमा U-२३५ वा U-२३८ को नमुना भेटिनु आफैँमा असामान्य कुरा होइन । प्राकृतिक युरेनियम जहाँ हुन्छ, त्यहाँ सामान्यतः यी समस्थानिक निश्चित अनुपातमा हुन्छन् । युरेनियम कसरी पहिचान गर्ने ? भूगर्भविदले सुरूमा भूगर्भिक सर्वेक्षण, विकिरण मापन, गामा स्पेक्ट्रोमेट्री तथा नमुना विश्लेषण प्रयोग गर्छन् । त्यसपछि रासायनिक संरचना परीक्षण गरिन्छ । युरेनियम खोजीमा रेडियोधर्मी विसंगति एउटा संकेत मात्र हो । अन्तिम निष्कर्षका लागि विस्तृत वैज्ञानिक पुष्टि आवश्यक हुन्छ । यही कारण सामान्य उपकरणले देखाएको उच्च विकिरणलाई तुरून्त 'युरेनियम खानी' भनेर घोषणा गर्नु वैज्ञानिक रूपमा गलत हुन सक्छ ।

परमाणु ऊर्जा र जलवायु प्रश्न

परमाणु ऊर्जा उत्पादनका क्रममा कोइला वा पेट्रोलियम जस्तो ठूलो मात्रामा कार्बनडाइअक्साइड उत्सर्जन हुँदैन । त्यसैले जलवायु परिवर्तन न्यूनीकरणको बहसमा धेरै देशले परमाणु ऊर्जालाई कम कार्बन ऊर्जा विकल्पका रूपमा पुनःमहत्व दिन थालेका छन् । तर यसको चुनौती पनि गम्भीर छ । परमाणु केन्द्र निर्माण महँगो हुन्छ, सुरक्षा प्रणाली अत्यन्त जटिल हुन्छ, रेडियोधर्मी फोहोर दीर्घकालसम्म सुरक्षित राख्नुपर्छ र दुर्घटनाको सम्भावना कम भए पनि परिणाम अत्यन्त गम्भीर हुनसक्छ । चेर्नोबिल र फुकुशिमाले परमाणु सुरक्षामा संस्थागत क्षमता कति महत्वपूर्ण भन्ने स्पष्ट गरेका छन् ।

चिकित्सामा युरेनियमको भूमिका

युरेनियम व्यापक रूपमा प्रयोग हुने रेडियोआइसोटोप होइन । तर युरेनियमबाट विकसित परमाणु प्रविधिले आधुनिक परमाणु चिकित्सा, चिकित्सकीय रेडियोआइसोटोप उत्पादन, क्यान्सर उपचार र निदान प्रविधिको विकासमा ठूलो आधार तयार गरेको छ । अस्पतालमा प्रयोग हुने धेरै रेडियोआइसोटोप अनुसन्धान भट्टी वा अन्य परमाणु प्रविधिबाट उत्पादन हुन्छन् । युरेनियम र परमाणु विज्ञानको योगदान प्रत्यक्ष औषधिभन्दा व्यापक चिकित्सा पूर्वाधारसँग जोडिएको छ ।

## युरेनियम खानी र जनस्वास्थ्य

युरेनियम उत्खनन गर्दा मुख्य स्वास्थ्य जोखिम कामदार र स्थानीय समुदायमा धुलो, राडोन, भारी धातु, दूषित भूजल र खानीको फोहोरबाट आउन सक्छ । आधुनिक खानीमा विकिरण मात्रा मापन, व्यक्तिगत सुरक्षा उपकरण, हावाको गुणस्तर निगरानी, सुरक्षित फोहोर व्यवस्थापन र पानी परीक्षण अनिवार्य गरिन्छ ।

पर्याप्त नियमन नभएको अवस्थामा खानी फोहोरमा बाँकी रेडियोधर्मी तत्वले दशकौँसम्म वातावरण प्रभावित गर्न सक्छ । त्यसैले युरेनियम उत्खनन केवल खानी मन्त्रालयको विषय होइन । यो स्वास्थ्य, वातावरण, जलस्रोत, श्रम सुरक्षा, स्थानीय र राष्ट्रिय सुरक्षासँग जोडिएको बहुक्षेत्रीय विषय हो ।

नेपालका लागि यसको अर्थ

नेपालमा विभिन्न समयमा रेडियोधर्मी विसंगति तथा युरेनियम खनिजीकरणसम्बन्धी अध्ययन भएका छन् । तर कुनै क्षेत्रमा रेडियोधर्मी संकेत भेटिएको आधारमा मात्र विशाल व्यावसायिक युरेनियम भण्डार निष्कर्ष निकाल्न वैज्ञानिक रूपमा मिल्दैन ।

नेपालका लागि पहिलो आवश्यकता उत्खनन होइन, ज्ञान हो ।


युरेनियम जस्तो रणनीतिक खनिजमा विदेशी कम्पनी, विश्वविद्यालय वा सरकारी निकायलाई अनुसन्धान अनुमति दिँदा भूगर्भिक डाटा, नमुना, बौद्धिक सम्पत्ति र प्रयोगशाला नतिजाको स्वामित्वसम्बन्धी स्पष्ट शर्त आवश्यक हुन्छ । अन्यथा प्राकृतिक स्रोतभन्दा पहिले डाटा गुम्न सक्छ ।

## सुरक्षा र विज्ञानबीच सन्तुलन

युरेनियम शब्द आउनेबित्तिकै 'परमाणु हतियार' भन्ने निष्कर्षमा पुग्नु वैज्ञानिक रूपमा गलत हुन्छ । युरेनियमसम्बन्धी नीति तीन आधारमा उभिनुपर्छ । पहिलो, वैज्ञानिक प्रमाण । दोस्रो, स्वास्थ्य तथा वातावरणीय सुरक्षा । तेस्रो, राष्ट्रिय स्वामित्व ।

नेपालले युरेनियमको सम्भावनालाई न डरको विषय बनाउनुपर्छ, न प्रचारको । वैज्ञानिक सम्पत्तिका रूपमा बुझ्नुपर्छ । प्रमाणित भण्डार छ भने त्यसको आर्थिक मूल्यभन्दा स्वास्थ्य, वातावरण, प्रविधि, सुरक्षा र सार्वभौम स्वामित्वको प्रश्न आउँछ ।

U-२३५ र U-२३८ बीचको भिन्नता बुझ्नु युरेनियम बुझ्ने प्रारम्भिक ढोका मात्र हो । यसको वास्तविक महत्व त्यहाँबाट शुरू हुन्छ, जहाँ भूगर्भ विज्ञान, परमाणु भौतिकी, ऊर्जा, चिकित्सा, वातावरण र राष्ट्रिय सुरक्षा एउटै बिन्दुमा भेटिन्छन् । (साभार)



# Nepal's Capital Paradox: Plenty of Money, Too Little Investment

**By: Galab Bahadur Dhungana**

Nepal's sovereign credit rating has become an understandable focus of economic discussion. Fitch rates Nepal BB-, which is below investment grade, and a better rating would lower both the perception and the price of country risk. For international banks and multinational corporations the rating is real, because it sets internal country limits and determines whether a Nepali proposal reaches an investment committee at all. Until 2024 we were simply unreadable to that audience, which was worse. But Nepal should not mistake the rating for the principal reason productive investment remains so low.






The evidence sits in Nepal Rastra Bank's own annual tables. Last fiscal year Nepal saved 44.77 percent of its national income and invested 26.26 percent of it in fixed assets. The difference of a little over eighteen percentage points of GDP amounts to roughly Rs 1.2 trillion that entered the country but never became a road, a factory, a warehouse or a machine. The composition is more revealing than the size. Gross domestic saving, meaning what Nepal's own production generates, is only 9.71 percent of GDP. Nearly all of the remainder is remittances, worth about 35.8 percent. Nepal's enviable savings rate is therefore not the achievement of a productive economy but largely the earnings of Nepalis working abroad, arriving in the financial system without finding enough productive investment at home. Reserves have reached $25.31 billion, close to twenty months of imports, and over the year the central bank bought a net $8.05 billion from the market and then absorbed much of the liquidity created in the process. Managing liquidity the economy could not productively absorb has become one of the central bank's defining challenges.

This is why Nepal can hold a BB- rating and receive very little foreign investment at the same time. The two measure different things. A rating agency asks whether the government will repay its foreign currency debt on time, and Nepal answers that question relatively well because most of its external debt is concessional and the reserves behind it are substantial. A company weighing a factory asks a different set of questions. Can capital enter and profits leave on a predictable scheduleæ Are contracts, permits and land reliableæ Is there a practical way eventually to sell and leaveæ Nepal answers the first question well and the second poorly. There is also evidence that procedure matters. Direct investment equity inflows rose 137 percent last year to Rs 28.49 billion after automatic approval routes and removed thresholds simplified entry. That figure measures equity inflows rather than net FDI after repatriation, but the direction is still instructive. Ratings matter, but investors ultimately respond to whether investment works in practice.

The remittances supporting this financial abundance are also less secure than the headline growth rate suggests. Inflows reached Rs 2,363.13 billion, but growth of 37.1 percent in rupees was 28.1 percent in dollars, with part of the difference reflecting a rupee that depreciated 10.9 percent. Beneath that, first-time approvals for foreign employment fell from 505,957 to 406,519 while renewals rose from 333,309 to 385,783. Fewer Nepalis are leaving for the first time while more of those already abroad are remaining there. Whatever else those numbers suggest, they do not describe an expanding pipeline of new migrant workers. Nepal should therefore not assume that remittances approaching 36 percent of GDP will continue growing indefinitely. The opportunity to convert today's extraordinary flows into productive assets may be narrower than the headline growth rate implies.

Banking is where that conversion first breaks. Deposits grew 13.9 percent to Rs 8,276.93 billion while private credit grew only 6.5 percent, with commercial lending rates at a historically low 6.55 percent. Of all outstanding credit, 62.9 percent is secured against land and buildings. Construction lending grew 18.6 percent and consumer lending 17.8 percent, while agricultural credit contracted. Banks prefer land because land is what courts can seize, so an applicant with property outranks one holding an export contract. Yet with non-performing loans already at 5.66 percent, simply instructing banks to lend more to industry would be reckless. The problem is not simply the willingness of banks to lend but the absence of mechanisms that can make a productive borrower as safe to finance as a plot of land.

The capital market offers too little of an alternative. Of 302 listed companies, 133 are banks and insurers and another 110 are hydropower companies, with only 29 manufacturers and 9 hotels among the rest. Financial institutions hold 51.8 percent of market capitalisation and hydropower another 17.5 percent. Of the Rs 56.03 billion of public issuance approved last year, ordinary shares accounted for just Rs 9.12 billion. Nepal therefore raised barely Rs 9 billion of new corporate equity against Rs 2.36 trillion arriving through remittances. Nor can hydropower be allowed to carry the national investment story alone. The August floods demonstrated concentration and climate risks that have not been adequately priced, and a project that cannot be adequately insured becomes increasingly difficult to finance, whatever its power purchase agreement may say.

What follows is a construction task rather than a promotional one, and it has three parts in sequence. First, Nepal must make productive businesses more bankable through credit guarantees, export-credit insurance, better cash-flow underwriting and risk sharing, so that lenders can finance a contract rather than simply a hectare of land. Second, it needs to deepen the securities market beyond banks and hydropower, developing corporate and infrastructure bonds so that assets lasting thirty years are not financed primarily by deposits lasting two, while bringing more manufacturing, agriculture, tourism, logistics, healthcare and technology companies into the capital market. Third, and only once credible investment vehicles actually exist, Nepalis abroad should have an easy and entirely voluntary way to put part of their savings into them. Five percent of annual remittances would amount to roughly Rs 118 billion, many times recent foreign investment. Simple opt-in investment options within remittance platforms, small denominations and professionally managed funds could create a bridge between migrant earnings and domestic capital formation without resorting to compulsory deductions that might simply encourage informal transfers.

None of this replaces foreign investment. Nepal needs foreign partners for technology, engineering, management expertise and market access as much as it needs their capital. A Japanese company once suggested that I approach JICA rather than expect it to commit its own balance sheet in Nepal. I initially took that as a polite refusal. In fact, it was a lesson in how frontier markets are often financed. Institutions such as JBIC, NEXI, IFC, MIGA and ADB exist precisely to bridge the distance between sovereign risk and a corporate investment committee. A project supported by political-risk insurance, concessional senior debt, credible offtake and multilateral participation can become bankable long before the sovereign itself reaches investment grade. Nepal should therefore pursue both agendas at once: making individual projects financeable now while steadily improving its sovereign credit standing.

The state must demonstrate the same conversion it is asking of everyone else. A country holding about $25 billion in reserves and Rs 8.3 trillion in deposits, with commercial lending rates at 6.55 percent, nevertheless saw capital expenditure fall 14.8 percent to Rs 190.84 billion while recurrent spending rose past Rs 1 trillion. This year's budget again promises substantially higher capital spending, at Rs 431.10 billion. The question is no longer whether Nepal can allocate money on paper, but whether its institutions, across successive governments, can turn an allocation into an asset. Nepal has spent a decade asking how to bring more money in. The answer has been sitting in the national accounts the whole time. The money is already here. The work is making it productive.

# Asia-Pacific Media Forum Calls for Stronger Regional Media Cooperation



More than 400 representatives from media organizations, think tanks, government agencies, universities, diplomatic missions, United Nations agencies and international organizations from more than 40 countries and regions gathered in Shenzhen on September 5 for the Asia-Pacific Media Forum, calling for stronger media cooperation, greater mutual understanding and closer regional collaboration.

Held under the theme "Building a Path to Shared Prosperity for the Asia-Pacific Community: Media Consensus and Action," the forum focused on the role of media in promoting regional cooperation, technological innovation, sustainable development and people-to-people exchanges. It was one of the major events of 2026 APEC China Year, ahead of the APEC Economic Leaders' Meeting scheduled for November 18–19 in Shenzhen. The main forum was preceded by a two-day programme across Guangdong. Four sub-forums were held on September 3 and 4 in Guangzhou, Dongguan, Zhuhai and Shenzhen, bringing together media professionals, academics, business representatives and other experts to discuss regional development, openness, innovation, connectivity and media cooperation. Participants also visited several cities and development projects in the Guangdong-Hong Kong-Macao Greater Bay Area, gaining first-hand exposure to China's technological, industrial and urban development.

At the opening of the main forum, Li Shulei, a member of the Political Bureau of the Communist Party of China Central Committee and head of the Publicity Department of the CPC Central Committee, said the development and cooperation of the Asia-Pacific could not be achieved without the active participation of media organizations. He called on media to tell the story of regional openness and connectivity, report on cooperation and development across the region, and strengthen practical collaboration through joint reporting, technological innovation and professional training. He also highlighted the role of media exchanges in promoting cultural understanding and closer relations among the peoples of the region.

Huang Kunming, a member of the Political Bureau of the CPC Central Committee and secretary of the CPC Guangdong Provincial Committee, also addressed the opening, highlighting Guangdong's development and its role as a centre of innovation and openness. The gathering, he said, provided an opportunity to deepen exchanges and cooperation between Guangdong, the Asia-Pacific and the wider world.

Lyu Yansong, editor-in-chief of Xinhua News Agency, called on media organizations to do more than simply record changes taking place in the region. He emphasized the role of journalism in promoting win-win cooperation, strengthening people-to-people understanding and telling stories of mutual support and cooperation across the Asia-Pacific.

International speakers echoed the importance of responsible journalism and dialogue. Melissa Fleming, UN Under-Secretary-General for Global Communications, said responsible media coverage can help rebuild trust and contribute to solutions to common challenges. Konstantinos Oikonomou, senior vice-president of CNN, described the diversity of the Asia-Pacific as a strength and stressed that differences make dialogue and engagement more important. A major outcome of the forum was the establishment of the Organizing Committee of the Asia-Pacific Media Partnership Program, jointly formed by 16 media organizations from China and other countries. Participating media organizations also exchanged cooperation documents aimed at expanding practical collaboration.

The forum launched the "Gather in Shenzhen, Create a Better Asia-Pacific" Media Cooperation Initiative, with a focus on technology sharing, joint content production and talent development. Plans were also announced for an Asia-Pacific Digital and Smart Media Intelligence Center in Shenzhen and a training platform for young media professionals.

The Shenzhen Consensus of the Asia-Pacific Media Forum called for greater openness, innovation and cooperation in support of regional prosperity. It encouraged media organizations to pay greater attention to regional connectivity, economic cooperation, technological development and the stability of industrial and supply chains, while sharing development experiences among countries. Digital transformation and artificial intelligence were also prominent themes. Participants recognized the opportunities offered by AI and other emerging technologies in news gathering, production and distribution, while stressing that technological development should go hand in hand with professional standards and responsible journalism. The forum also featured an exhibition of scientific and technological innovations, with more than 30 companies from the Greater Bay Area showcasing developments in intelligent media technology, embodied artificial intelligence, smart cities and smart living. The multi-city programme gave participating journalists an opportunity to see China's development beyond the conference halls. Visits covered advanced manufacturing, smart factories, digital infrastructure, green technology, transportation and urban development across Guangzhou, Foshan, Dongguan, Shenzhen, Zhuhai and Zhongshan. The Guangzhou sub-forum, for example, brought together about 150 media representatives, experts, scholars and business leaders to discuss the Greater Bay Area's contribution to APEC cooperation, regional connectivity, cross-cultural communication and the impact of artificial intelligence on the media industry.

The Shenzhen forum took place as China prepares to host the 33rd APEC Economic Leaders' Meeting on November 18–19, bringing the region's leaders together in the same city later this year. APEC's official calendar confirms the two-day leaders' meeting in Shenzhen.

The media forum therefore provided an opportunity to examine how journalism can contribute to the broader APEC agenda. Beyond reporting political and economic developments, participants discussed how media can explain regional cooperation, encourage dialogue, share development experiences and help people better understand societies across the Asia-Pacific.

The gathering also reflected the changing nature of journalism. Artificial intelligence and digital platforms are rapidly reshaping how information is produced and consumed, while misinformation and declining public trust are creating new challenges. Cooperation among media organizations was presented as one way to share expertise, strengthen professional capacity and maintain public confidence in journalism. With four sub-forums across Guangdong followed by the main gathering in Shenzhen, the Asia-Pacific Media Forum brought together political leaders, senior media executives, journalists, academics and international organizations around a common discussion about the future of the region and the role of media in it.

As Shenzhen prepares to host the APEC Economic Leaders' Meeting in November, the forum has added a media dimension to the wider regional conversation, emphasizing openness, cooperation, innovation, dialogue and shared prosperity as important elements of the Asia-Pacific's future.

***Sharachchandra Bhandary, Executive Editor (RSS)***

# पहाडमा वस्ती विकासको अवधारणा



डा.शास्त्रदत्त पन्त

फाँटको निर्माण (Formation of Blocks):

- प्रत्येक भू-प्रयोग नक्सामा फाँट खेतीको थलो स्पष्ट रूपमा निर्धारण गरिएको हुनु पर्दछ ।

- फाँटखेती एउटै जातको खेती गर्न प्राबिधिज्ञको टोलीले निर्धारण गरेको एउटा ठूलो फाँट, एउटा ठुलो पहाड हो जहाँ सयौं कृषकले एउटै जातको खेती गर्दछन् ।

- फाँट खेतीको अवधारणाको आवश्यक्ताको बारे कृषिको व्यवस्थापन अध्यायमा थप कुरा दिइएको छ ।

३. घरको स्थानान्तरणनीतिः

भू-उपयोगिताको नक्सा बमोजिम वस्तीका लागि निर्धारण गरेको भू-भागमा एकीकृत र व्यवस्थित गराउन हाल भईराखेको ठाउँबाट घर सार्नुपर्ने हुन्छ । ती सराइमा :

- घर आफ्नो अनुकूलको अवस्थामा सार्दा हुन्छ ।
- घर सार्दा परिमा या पर्म प्रणाली लागु गरिन्छ ।
- घर सार्दा चाहिने काठ, ढुँगा, इँटा, बालुवा, सिमेन्ट जस्ता थप सामग्रीको सहज उपलब्धि राज्यले मिलाइदिनु पर्दछ ।
- घर सार्न बाध्य गर्नु पर्दैन ।
- राज्यले दिने सेवा र सुबिधा व्यवस्थित वस्तीमा मात्र दिइन्छ ।
- सडक सीमित गरिन्छ ।
- चकलाबल्दी र चाउका गराइन्छ ।
- णदेशभर नक्सा पास अनिवार्य गर्ने गरिन्छ ।

प्रथम चरणमा निर्माण भईसकेका क्षेत्र (Built-in areas) यथावत राखिनुपदर्छ । यस्ता क्षेत्रहरूमा कूल घरहरूमध्ये करीब १७ प्रतिशत पक्की घर पर्दछन् । त्यसमध्ये वस्ती व्यवस्थित गर्दा नै १५-२० प्रतिशतसम्म घरहरू स्वतः मिल्न जान्छन् । यसरी सुव्यवस्थित सुविधायुक्त वस्तीहरूको निर्माण गर्दा ५०-६० प्रतिशत कच्ची घरहरू र एकआधा प्रतिशत मध्यम खालका घरहरूलाई असर पर्दछ । यी सबै खेर गएको जनश्रम सदुपयोग गर्दा पूरा भइहाल्दछ । चारै महिनामा देशले काँचुली फेरिहाल्दछ । अनि सुरू हुन्छ, निर्माण, विकास, उत्पादन र उद्योगको युग, आत्मनिर्भर र आत्मसम्मानको युग ।

भूगोल अनुसार विकास योजना र कार्यान्वयन

नेपालको भौगोलिक बनावट विश्वमै अद्वितीय छ । उचाई, भूबनोट, दक्षिण मोहडा र उत्तरार्ध गोलार्धमा अनि भऱ्याङ जस्तो परेर सरदर १९३ कि.मि.चौडाइको दुरीमा ८७४८ मिटरको उचाइमा सरदर २.६ डिग्रीको ओरालो भूभाग हिमालय, पहाड, भित्रिमधेश र तराईप्रदेशमा बिभक्त छ । यस्तो संसारमा क्तै पनि छैन ।

| प्रदेश | जनसंख्या प्रतिशत | भूक्षेत्र प्रतिशत |
|---|---|---|
| हिमाली | ७.८२ | ५.२१ |
| पहाडी | ४५.५६ | ४६.६८ |
| भित्रीमदेश र | (९.२०) | (९.०) |
| तराइप्रदेश | ४६.६२ | २३.११ |

श्रोतः जनगणना

यस भिन्न र मौलिक भूभागलाई विकसित गराउने क्रममा अघिल्लो अध्यायमा हामीले देशको, गाँउको तथा शहरका समस्याको पहिचान गरिसकेका छौं । अब यहाँ तिनीहरूको विकास कसरी गर्ने भन्ने अवधारणा, नीति, कार्यक्रम तथा कार्यप्रक्रियाका बारेमा सबिस्तार प्रस्ताब गरिन्छ । किन भने हिमाल, पहाड, भित्रीमधेश र तराइका अवस्था र यी सबैका गाउँ र शहरका अवस्था एक अर्काबाट निकै भिन्नछन् ।

क्रसं भागौलिक क्षेत्र शहरी क्षेत्र ग्रामीण क्षेत्र

१ हिमालीक्षेत्रको व्यवस्था रविकास
शहरी क्षेत्रको व्यवस्था र विकास
गाउँक्षेत्रको व्यवस्था र विकास

२ पहाडीक्षेत्रकोव्यवस्था र विकास
शहरी क्षेत्रको व्यवस्था र विकास
गाउँक्षेत्रको व्यवस्था र विकास

३ भित्रीमधेशको व्यवस्था विकास
शहरी क्षेत्रको व्यवस्था गाउँ क्षेत्रको व्यवस्थार विकास

४ तराइक्षेत्रको व्यवस्था र विकास
शहरी क्षेत्रको व्यवस्थर विकास
गाउँक्षेत्रको व्यवस्था र विकास

माथि उल्लेअ भए अनुसार हिमाली क्षेत्रको ब्यबस्था र विकास गर्न हिमाली शहरी क्षेत्रको ब्यबस्था तथा हिमाली गाउँ क्षेत्रको ब्यबस्था कसरी गर्ने भन्ने दीगो योजनाका बारेमा उल्लेख गर्नु भन्दा पहिले हिमालय राष्ट्रिय निकुञ्जको व्यवस्था बारे उल्लेख गर्नु बाञ्छनीय भएकोले तल उल्ल्ेख गरिएको छ :

हिमालय राष्ट्रिय निकुञ्जको व्यवस्था

(क) हिमाली प्रदेश व्यवस्था :

१.नेपालको कूल भूभागमध्ये १८ प्रतिशत भू-क्षेत्रमा अन्नखेती, ३७ प्रतिशत भूक्षेत्रमा सरकारी वन, १५ प्रतिशत जग्गामा नीजी वन र ८ प्रतिशतमा वनखेती, २२ प्रतिशतमा हिमच्छादित हिमाल र हिमालय राष्ट्रियनिकुञ्ज बनाई विश्वमा हुने सबै र विश्वमै नहुने केही गरी सबै भूभागलाई उच्चतम उपयोग गर्न सकिन्छ ।

२. हिमाली क्षेत्रको विशेष व्यवस्था गरेर देशको बहुपक्षीय विकास मात्र होइन यो विश्वकै एकमात्र र सर्वोत्कृष्ट आकर्षक केन्द्रविन्दु बनाई संमृद्ध देश नेपाल बनबाउन सम्भव हुनेछ । सो बनाउन निम्न अनुसार गरिनु पर्दछ :

३. हाम्रा हिमालय प्रदेशमा वस्ती गुजुप्प भए पनि वस्ती बीचको दूरी निकै टाढा छ, विकट छ र अनुत्पादक पनि । यहाँ बसेका थोरै बस्ती र थोरै पशुपालनले धेरै नोक्सान बनाएका छन् । यस क्षेत्रमा बस्ने जनसंख्या ज्यादै कम छ ।

४. करिब १९५ हजार परिवारहरूको जनसंख्याले झण्डै २० प्रतिशत भूभाग ओगटेको छ । त्यहाँका वस्तीले त्यस ठाउँको पर्यावरण बिगारेको छ, वातावरण दूषित गरेको छ, जरिबूटीको विनाश गरेको छ, दुर्लभ पशु-पंक्षीको वंशलोप हुने स्थितिमा पुऱ्याएको छ, पत्तो लगाउन बाँकी तीन हजारभन्दा बढी वनस्पतिको खोज नै नहुँदै लोप हुने स्थिति छ । अतः त्यस्ता प्राकृतिक बैभबलाई बचाउन यी बस्तीलाई त्यहाँबाट हटाइनु पर्दछ ।

५. करिब २० प्रतिशत हिमालय क्षेत्रको भूभागलाई बस्तीविहीन क्षेत्र बनाइनु पर्दछ । साथै यसलाइ निषेधक्षेत्र पनि बनाइनुपर्दछ । यी बस्तीलाई सोही दक्षिणको केही र राम्रा ठाउँमा शहर तथा गाँउको व्यवस्था गरेर, हिमाली क्षेत्रको विशेष व्यवस्था गरेर देशको बहुपक्षीय विकास मात्र होइन यो विश्वकै एकमात्र र सर्वोत्कृष्ट आकर्षक केन्द्रबिन्दु बनी देश संबृद्ध बनाउन सम्भव हुनेछ । यस क्षेत्रलाई त्यही प्रकारको उपयोगिताको हिसावले नक्सा तयार पारिनुपर्दछ । प्रस्ताबित विभाजन तथा उल्लिखित नीति, कार्यान्वयन, अनुगमन आदि सबै कुराहरूका लागि उल्लिखित क्षेत्रको बेग्लाबेग्लै व्यवस्था हुनु पर्दछ ।

६. यस क्षेत्रमा पशुपालन गर्दा अत्यधिक मात्रामा भूस्खलन भइरहेकोले देशलाई मरूभूमि हुनुबाट बचाउन, त्यहाँका बासिन्दाको कल्याण गर्न र त्यस भू-क्षेत्रबाट राष्ट्रिय आय बढाउन यस क्षेत्रलाई बस्ती विहीन बनाउनु तत्कालीन खाँचोको विषय बनेको छ ।

७. वस्ती हटाएर पुनः व्यवस्थित गर्ने मोटामोटी ठाउँमा दार्चुला, हुम्ला, कालिकोट, मुगु, जुम्ला, डोल्पा, मुस्ताङ, मनाङ, गोर्खा, रसुवा, सिन्धुपाल्चोक, दोलखा, सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङका उत्तरी भाग पर्दछन् । अर्का शब्दमा दार्चुलाको टिंकरतिरको उत्तरी भाग, हुम्ला, मुगु जिल्लाका अधिकांश भाग अर्थात् कालिकोटको जाङ, हाल्जी, तिऊ, प्यालुलाप्टा, पारी तुम्कोट, भुचु, थेगाउँ, छिप्रा, भारगोर लोग्ना, मेल्छाऊ, लिमी, मुगु, लुम्सा, पाका, दोल्पु आदि, डोल्पाको याङजेर, फोपा, बिजेर, सेसुम्बा, सिमेन, पान्जाङ, साल्दाई, रिग्मी, तारा, छार्का, कफकोट, मुकुट आदि, मुस्ताङको श्याम गाउँ, विलिङ, टाङ, मुस्ताङ, केशाङ आदि, मनाङको खाङसार, मनाङ, सिसाङ, नारगाउँ, थोचे आदि, गोर्खाको लार्के, सामागाउँ, खोगाउँ, रूपिलाउनोर आदि, रसुवाको रसुवागढी, धुन्चे, गोसाइकुण्ड, पाँचपोखरी, दुगुलागढी उत्तर र सिन्धुपाल्चोकको सोही समान उत्तर, दोलखाको लामोवगर, जटापोखरी उत्तर, सोलुखुम्बुको थाम, नाम्चेबजार, स्याङबोचे उत्तर, संखुवासभाको हैदाङ उत्तर र ताप्लेजुङको तोप्केभेला, ओलाङचुङ, त्राङमा, धुन्सा उत्तरका ठाउँका पातला केही बस्ती हटाई माथि उल्लेखित व्यवस्थित पुनर्वासमा समावेश गरिनु पर्दछ ।

८. हटाउनु पर्ने वस्तीलाई बिल्कुल भिन्न हवापानीमा लैजान अनुपयुक्त हुन्छ । अतः हटाइएका परिबारलाई सोही दक्षिणका केही राम्रा ठाउँमा व्यवस्थित वस्ती बनाएर सारिनु पर्दछ ।

९. निषेधित क्षेत्रमा विना इजाजत र विना शुल्क कोही पनि जान नपाउने व्यवस्था हुनुपर्दछ । अनुमतिबिना तथा स्पष्ट काम नपरिकन स्वदेशी अथवा बिदेशी सबैलाई प्रबेश निषेध गरिनु पर्दछ ।

१०. अहिले यी क्षेत्रले कुनै आर्जन गर्न सकेका छैनन् तर यसो गरेमा यही ठाउँले मात्र देशलाई उँभो लगाउन सक्ने, सम्पन्न राष्ट्र बनाउन सक्ने आर्जन गर्नेछ । त्यसबारे यस पछि चर्चा गरिनेछ ।

# संविधान दिवस मनाएर जनजीवन सुरक्षित हुन्छ ?



सुरेशकुमार पाण्डे

अहिले देशमा जेन्जी आन्दोलन पछिको अन्तरिम गयर संवैधानिक सरकारको जगमा बनेको यो सरकारले अहिलेको ११ संविधान दिवसलाई भव्यताका साथ मनाउने भयोको छ ।तैपनि स्वागतयोग्य कदम भन्नै पर्यो ; यो सकारत्मक कार्यको लागी । सरकारको प्रसंसा जनताबाट सुनिन्छ ।किन की संविधानलाई मिचेर अन्तरिम सरकार बनेको थियो । उनिहरूले सबै राजनैतिक पार्टीहरूलाई किनारा लगाएर एउटा ऐतिहासिक निर्णय गरेका थिए ।त्यसवेलाको निर्णय निर्दलिय थियो । त्यसले गर्दा सबैभन्दा ठूलो खतरा भनेको देशको संविधानलाई नै थियो ।जे हौस संविधान जोगियो जसले अंगालेको गणतान्त्रिक व्यवस्था पनि जोगियो । त्यो बेला कयौं प्रतिगमनको खतरा थियो र त्यसप्रती अभ्यास पनि भएको थियो । अहिलेको सरकारले संविधान दिवसलाई भव्यताका साथ मनाउने निर्णय सकारत्मक छ । यद्यपि गत वर्षहरूमा पनि संविधान दिवसलाई एउटा पर्वकै रूपमा मनाउँदै आएका थिए ।

अहिलेको भोटेकोसी बाढीमा परेर हजारौंले ज्यान गुमाएको अवस्था छ ।सरकार पनि त्यसमा फसेका अंङभङ्ग भएकाहरूको उपचार र हराएकाहरूको खोजविनमा ब्यस्थ छ ।यस्तो अवस्थामा पनि देशमा संविधान दिवस मनाउने तयारी चलेको छ ।

अश्विन ३गते वि.स.२०७२ सालमा देशको करिब साडे ६ दशक पछि जनताले चुनेका प्रतिनिधि द्वारा देशले नया संविधान पाएको हो । यो संविधानको प्रमुख र ऐतिहासिक देन भनेको धर्मनिरपेक्षता,

गणतन्त्र नै हुन् । जसले देश र जनताको हितमा कामगर्ने आधार दिएको छ । सङ्घीयता भने जनताको कुनै पनि कालखण्डमा गरेको माग थिएन त्यो देशलाई एक प्रकारको ऋणको बोझ नै हो । सङ्घीयतालाई संविधानमा नघुसाएको भए देशले विकासमा फट्को मार्न सक्थ्यो भन्ने जनगुनासो छँदै छ ।संविधानसभाको चुनाव २०४६मा भैदिएको भए देशले काचुली फर्नेथियो त्यो पनि यथार्थ हो । के गरेको भए के हुन्थ्यो त्यस तर्फ नजाऊं । ति सबै बितेका दिनहरू हुन त्यसबाट लिनसक्ने भनेको ज्ञान मात्र हो ।

देशमा संवैधानिक विकास वि.स.१९१० मा जङ्ग बहादुर राणाले मुलुकी ऐनको घोषणा गरेर थालनि गरे ।तरपनि संवैधानिक विकासको सुरूआत २००४सालको वैधानिक कानुनबाट भएको पाइन्छ । देशमा राजाहरूको जहानिया शासनको विरूद्धमा उठेको आवाजलाई भन्छन् प्रार्ने प्रयासमा तत्कालिन प्रधानमन्त्री पद्म शम्शेर केही उदार देखाउदै २००३साल फागुनको ३गते नै नेपालमा राजनीतिमा सुधार गर्ने घोषणा गरेका थिए । त्यसपछि उनैले २००४साल बैशाखमा भारतीय विशेषज्ञ समेत मिलाई एउटा सुधार समिति समेत गठन गरेका थिए । २००४साल माग १३गते त्यसको घोषणा पनि गरेका थिए जो २००५साल बैशाख १गते देखि लागु हुने भनिएको थियो । उनि भारत पलायन भए पछि मोहन शम्शेरले त्यसलाई लागु हुन दिएनन् । पछि देशमा राणा शासनको अन्त्य भयो । त्यसपछि २००७ साल फागुन ७गते राजा त्रिभूवन ले देशको शासन विधानसभाले तजुर्मा गरे अनुसारको गणतन्त्रात्मक हुने छ । त्यो वेला सम्म काम चलाउनका लागि अन्तरिम विधान मन्त्रीपरिषदको सल्लानुसार २००७ साल चैत्र १७ गते घोषणा गरिएको थियो । यसपछि साढे ६दशकसम्म जनताले त्यही संविधानसभाको लागि शङ्घर्ष गर्दै आएका थिए । यसको विचमा करिब ५ओटा संविधान हरू भने तर सबै उस्तै प्रकारका थिए ।२०७२सालको संविधान २००७ सालमा राजा त्रिभूवन ले घोषणा गरेको जस्तै नै संविधानसभाले ल्यायो ।यसरी राजनैतिक अदुर्दशियताले गर्दा गणतन्त्र नत २००७सालमा आयो न २०४६मा आउन सक्यो । मात्र जनताहरूले रगत बगाए र बगाउँदै आएका थिए २०७२ मा भने सफल भए । यद्यपि कुनैपनि संविधान पुर्ण र अकाट्य हुदैन सम्विधानमा समय अनुसार संसोधन गर्नै पर्छ । हाम्रो छिमेकमा रहेका चीन र भारतको उधारणले पनि यसबारेमा पुस्टी गर्छ । भारतीय भूमिबाट ब्रिटिष्टहरू गएपछि बनेको भारतीय संविधान स्वायम अंग्रेजहरूकै रोहवरमा बनेको थियो । संविधानसभाका कयौं सदस्य मोहमद अली जिन्हाको प्रभावमा परेर देशलाई टुक्रा पार्ने मुहिममा लागेका थिए ।तर त्यस्तो परिवेशमा पनि भारतामा २ वर्ष ११महिना र १८ दिनमा संविधान तयार पारेर २६ नबम्वर १९४९मा डा.भिमराव अंबेडकरको नेतृत्वले सौंप्यो । त्यो संविधान २६ जनवरी सन् १९५० मा लागु गरियो ।

जो अहिलेसम्म सयभन्दा पनि बढी संशोधन गरियो होला । संविधान भनेको जस्ताको तस्तै रहिरहने हुदैन समयनुसार कतिपय बुंदाहरूमा संसोधन,परिमार्जीत गर्दै जानुपर्छ । यस्तो क्युनिष्ट व्यवस्थामा समेत गरिन्छ । हाम्रै छिमेकी मुलूक चीनमा कमरेड माओत्सेतुङ्गले सन् १९४९ मा नौलो जनवादी व्यवस्था घोषणा गरे त्यसपछि त्यहा पनि लगभग चार पटक संविधान संशोधन गरिएको देखिन्छ । यसरी समय अनुसार आवस्यकता परेमा संविधानलाई आपसी छलफल द्वारा परिमार्जित गर्नैपर्छ । हाम्रो देशमा कसैले कुनै कुरा उठायो भने त्यसलाई दुश्मनकै रूपमा हेर्ने व्यवहारले मैत्रिपूर्ण हुने कतिपय कार्य रक्तपातमा तवदिल भएको देखिन्छ । यो नै हाम्रो समाजको कम्जोर पक्ष हो ।

संविधान भनेको देश र संपूर्ण जनताको लागि बनाइने नियम कानून् हो । त्यसैमा टेकेर राष्ट्रिय र अंतरराष्ट्रिय नियमहरू बनेका हुन्छन् । जो सबैमा लागु हुन्छ । यस्तो संवेदनशील बिषयलाई गयर जिम्मेदाराना ढङ्गबाट मुल्याङ्कन र अन्देखि गर्नु ठिक होइन तर हाम्रो समाजले त्यही गर्दै आएको छ । सङ्घीयताले देशलाई उभो लाग्न दिदैन सानो मुलुकमा सात पर्देश बनाएर खर्चीलो बनाउनु भन्दा एकत्मक र केन्द्रीकृत व्यवस्थामा स्थानिय स्वत्ता दिने स्थानिय तहलाई बलियो बनाउने राजमोको सुझाव गलत थिएन । जो अहिलेपनि पुष्टी भै सकेको छ । त्यो माग गर्नेहरूलाई दुश्मन् सरह व्यवहार गरियो । यसले सङ्घीयता विदेशीको देन हो ।

देशमा संविधान बनाउने तयारीकै लागि वि.स.२०६४ मा भएको हो । संविधान बन्नै नदिन प्रयास पनि भयो । जसको परिणाम पहिलो पटक संविधान सभा अवसान भयो । २०७० मा संविधानसभाले सार्थकता पायो ।

संविधान बनेपछि नेताहरूले संविधान द्वारा ल्याएको जनाधिकार संस्थागत गराउनुको साटो सत्ता भागबण्डामा उल्झिए ।

देशभित्र विद्रोहको जन्म भयो ।

संसदिय लोकतन्त्र र संवैधानिक व्यवस्थाको सुरूवात गर्ने पनि अमेरिका नै थियो । तमाम देशहरूको घांटी निमुठपार्ने पनि त्यही अमेरिका बनेको छ । सोभियत संघको बिघटनपछि एकलौटे रूपमा बनेको महाशक्तिलाई चीनको खतरा छ । किनकी चीननै महाशक्तिको होडमा देखिन्छ । अहिलेसम्म अमेरिकाले चीनलाई पच्छार्न खोज्दै छ । निकट भविश्यमा उसलाई आफ्नो ताकत र चीनको ताकतको बारेमा सही अन्दाज भयो भने उसले चीनसङ्ग हात नमिलाउला भन्न सिकिदैन । त्यो अवस्थामा देशलाई यी तीनौं देशले सङ्कटमा पार्ने छन् ।

आज विश्वका कयौं देशहरूमा पुंजिवादी लोकतन्त्र अर्थात संवैधानिक लोकतान्त्रिक व्यवस्था छ । हाम्रो देशमा पनि करिब ३५वर्ष बहुदलिय अभ्यास हुँदे आएको छ । २०७२ पछि पनि ११ वर्ष संविधान आएको पनि पुरा भयो । देश अंझैपनि परनिर्भर छ । यद्यपि यी दुइ देशभन्दा पनि पुरानो स्वतन्त्र साभौंम सम्पन्न देश नेपाल नै हो । दुइ ढुङ्गाको तरूल जस्तै चेपुमा परेको हाम्रो देशको संविधान बिगतका सबै संविधानभन्दा अब्बल छ ।कतिपय कमि कम्जोरीहरू छन् जसलाई समयमा मैत्रिपुर्ण तवरबाट संसोधन गरेर जानुपर्छ । आज संविधान गणतन्त्र र धर्मनेरपक्षताको लागि सबैले कामना गरौं ।

देशभरीका जनताहरूले यसै संविधानमा टेकेर गाँस, बास र कपास पाउनुपर्छ ।

शिक्षा सुरक्षा र स्वास्थय सबैको अधिकार हो । सरकारले संविधान द्वारा प्रज्लित नागरिक अधिकारलाई विना सर्त लागु गर्नुपर्छ । तमाम नेपाली नागरिकहरूको बास शिक्षा सुरक्षाको सरकारले ज्ञारन्टी गर्नुपर्छ । देश र जनताको रक्षा गर्ने संविधान अघि बढोस् ।





# अन्नपूर्ण र माछा देवताको कथा

दैनिक हजारौ ब्यक्ती असनको चोकबाट चारैतिरको गल्लीमा छिर्ने गर्छन् । यो असन बजार हिजो आज शुरू भएको बजार होइन । आठसय बर्ष भन्दा पहिले देखी नै यस ठाउमा बजार लाग्ने गर्थ्यो । यो बजारमा खोज्न जान्यो भने सबै थोक पाइन्छ । नेपाल चिन्ने र चिनाउने बजार हो असन बजार ।

असं (असन)को एउटा किंवदन्ती छ । ठिमीको एक ब्यापारीले बाँसको नोलमा चामल बोकेर ल्याएकोमा थाकेर यहि ठाउमा बिसाएछ । पछि चामल बोक्न खोज्दा उचाल्न नसकेर छोडेर गएछ । घर पुगेपछि जहानले कहा छोडेको भनि सोध्दा अनसं भनेछ । अनसं भनेको नेवारीमा त्यही भनेको थियो । पछि परिवार नै आएर लग्न खोज्दा पनि चामल लग्न सकेन र तान्त्रिक देखाउदा अन्नपूर्ण देवी जमिनमा भएकोले यस्तो भएको यहा मन्दिर बनाउनु पर्छ भने । यसपछि अन्नपूर्णको मन्दिर बनाइयो । अनसं भन्दा भन्दै पछि असं भएको भन्ने कथा प्रचलित भएको बुढापाकाहरू बताउँछन् ।

तस्विरमा भएको माछा यहि असन चौकमै छ । यसको पनि आफ्नै कथा छ । परापूर्वकालमा ज्योतिषीय गणना गर्दा आकाशबाट माछा खस्ने साइत निस्केछ । धेरै ज्योतिषले धेरै ठाउँ देखाएछ । अन्तमा दुइजनामा एकले असन अर्कोले टुडिखेलको महांकालमा भन्न थालेछ । अन्तमा यहि असनमा खसेको र त्यसैको प्रतिकको रूपमा ढुङ्गाको माछा बाहिर राखेर खसेको असली माछा जमिन मुनि गाडेको भनिन्छ । ढुङ्गाको माछा भएकोले यसलाइ नेवारीमा न्यालोंह भन्ने गरिन्छ । नेपालमा माछाको देवता भएको ठाउँ असन नै हो ।

मल्लकालमा ज्योतिषीय गणना गर्दा यहि न्यालोहंलाइ नै केन्द्र मान्ने गर्दथे । यहि असन इलाकामा मानदेवको नामांकित ढुङ्गेधारा भेटिएकोले यो स्थानलाइ लिच्छवीकालसम्मको गणना गर्ने गरिन्छ । अहिले पनि असन बजार जिवन्त छ । असन बजारको ऐतिहासिक र सांस्कृतिक महत्व कम भएको छैन ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८३-८४
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८३ असोज ६, Sep. 22, 2026





अन्तिम पातो – शाश्वत शर्मा

## राजातन्त्रवादीहरुले चटक देखाए

दुर्गा प्रसाईले गत मंसिर ७ गते एउटा आन्दोलन सुरू गरेकाथिए, ठूलै तामझाम देखाइयो, झडप पनि भए । लाग्थ्यो, अब ठूलै परिवर्तन हुनेछ । तर, भोलिपल्टदेखि आन्दोलन मजाक बन्नपुग्यो । प्रहरीले धरपकड गर्दा सुतिरहेका महिलाहरूमाथि ज्यादति गर्दा पनि प्रतिकार गरिएन । सामाजिक सञ्जालमा ठूलै आन्दोलन भयो, खासमा आन्दोलन तुहियो । पसल बन्द, मोटरसाइकल र्‍याली, जनताको आवाजलाई आन्दोलनका नारा बनाइयो । पटक पटक यस्ता चर्तिकला भइरहेकै छन्, आन्दोलन भनेको मजाक बन्नपुग्यो । अब दुर्गा प्रसाई, राप्रपाहरूको काम भनेको चर्को बोल्ने, सनसनी फैलाउनेमात्र भएको छ । भन्नुनै पर्दा दुर्गा प्रसाई, राप्रपाजस्ताहरूले राजतन्त्र, हिन्दुवाद सबैलाई धोका दिए । प्रमुख मागहरूप्रतिको बिचलन, अस्पष्ट, कार्ययोजना, अव्यवस्थित कार्यक्रम आदिले गर्दा आमनागरिकको आकर्षण घटेर गयो । राजतन्त्र, हिन्दुवादीहरूले राजा र राष्ट्रवादीहरूलाई हाँसोको विषय बनारहेको देखिन्छ । राजतन्त्र र हिन्दुवादीहरू पानीको फोकासरह रहेछन् भन्ने भाष्य बनिसकेको छ । हो, पुरानो संस्कार भएकाहरू सडकमा आगो नबाली कुरै सुन्दैनन् । आगो बालेर नै लोकतान्त्रिक गणतन्त्रका नाइकेहरूलाई पाहा पछारेझैं पछारेकाहरू सत्तामा आएका छन् । तिनले त राजा र हिन्दुवादीहरू पनि राजनीतिक शक्ति हुन् भनेर बुझ्नुपर्छ । बुझेका होलान्, तर संविधान संशोधनलाई थाँती राखेर बसेकाहरूले कहिले बुझ देखाउने हो ?

रास्वपा सत्तामा आएपछि पुराना ठूला दलहरू बिश्राममा छन् । राजावादी, राष्ट्रवादी, हिन्दुवादीहरू आशामा छन् । कर्म नगरी फल फल्छ र खाउँला भन्नेहरू भोकै हुन्छन् । जसरी ओली, देउवा, प्रचण्डहरू शिर निहुराएर बसेका छन्, राजावादी र हिन्दुवादीहरू पनि घर झगडा गरेर समय बिताइरहेका छन् । यस्ता जुनेली रातमा बिस्कुन सुकाएर बस्नेहरूले कुनै लछारपाटो लगाउँदैनन् । देख्नाका डाल, खानाका कालहरूले राजनीति गर्दैनन् । पहिलेजस्तै मंसिर ७ आउँछ, जान्छ । कुनै तात्वीक परिवर्तन हुनेवाला छैन । बालेन सरकारलाई मजबुत पारेर आफ्ना राजनीतिक एजेण्डाहरू अगाडि सार्न सकेको भए, संविधान संशोधनमा सरकारलार्य सघाउन सकेको खण्डमा धेरै कुरा हुनसक्छ । देशमा अभिभावक नहुँदा राजनीतिक नेताहरू कसरी स्वार्थी र लोभीपापी हुनेरहेछन् । देखियो । तिनलाई ठेगान लगाउन जनता नै जाग्नुपर्ने रहेछ । यो पनि देखियो । जनता के चाहन्छन्, जनतालाई कसरी सचेतन बनाउने र उनीहरूको मागहरू संविधानमै स्थापित गर्न लगाउने भनेर जनता र बालेन साह सरकारलाई होस्टेमा हैंसे गरेको खण्डमा बालेन साह संवाद, सहमति र सहकार्यमा नकारात्मक छैनन् । राजनीतिक सहमति भयो भने विध्वंशपछि निर्माण गर्ने हो र निर्माणका लागि राजनीतिक द्वन्द्व टुङ्ग्याउनै पर्छ । यो विषय भनेकै राजतन्त्र र हिन्दुवाद हो । जबसम्म राजनीतिक विषय हल गरेर राष्ट्रिय एकतावद्ध भएर अघि बढ्न सकिदैन । भूकम्प, कोरोना, बाढीको महाविपद्बाट अस्तव्यस्थ भएको जनजीवनलाई लयमा फर्काउन सकिदैन । यो कुरा बालेन सरकारले बुझेको छ । तर पुराना दलहरू पानी धमिल्याउन र माछा मार्न सकिन्छ भन्ने भ्रममा छन्, सत्ता र शक्तिको अतिवादले सत्ताबाट सडकमा आइपुगे, अझै चेत खुलेको छैन ।

राप्रपा, थरिथरिका हिन्दुवादीहरू, दुर्गाप्रसाई, केशर विष्ट, लीलाराज विष्टजस्ताका कारणले यो कित्ताकाहरूले टाउको उठाउन सक्ने स्थिति छैन । यस्तै अविश्वासका कारणले पनि हुनसक्छ, पूर्वराजाले कुनै सत्ता महत्वकांक्षा देखाएको देखिदैन । बरू पर्व पर्वमा देशको चिन्ता गरेर, विपद्मा परेकालाई सक्दो सहयोग गरेर संविधानको दायरामा नागरिक जीवन यापन गरिरहेको देखिन्छ । लाग्छ, अब पूर्वराजाले आफूलाई खाली चेक भजाएझैं भजाउन दिनेवाला छैनन् । कसैको स्वार्थका लागि प्रयोग हुने बस्तुका रूपबाट पूर्वराजाले आफूलाई अझ माथि उठाएको देखिन्छ ।

भोटेकोशी, त्रिशुलीको बाढीले देशको अर्थतन्त्रको ढाड भाँचिएको छ । सुशासनको जग हाल्न खटिरहेको बालेन सरकार उद्धार, राहत र पुनर्स्थापनामा जुट्नु परेको छ । यो अवस्थाबाट कहिले त्राण पाउने र देशको जीवन सामान्य बनाउने ? सरकारको प्राथमिकता जताबाट जतिसक्दो सहयोग ल्याउने, उद्धारपछि राहत र पुनर्स्थापनामा जुट्ने भएको छ भने पुननिर्माणमा पनि लाग्नुपरेको छ । ठूलै खति र क्षति भएको छ राष्ट्रको । विश्वका जलवायुविज्ञहरू राष्ट्रसंघमा उभिएर नेपालले जलवायु परिवर्तनको कारण बेहोरेको क्षतिमा न्याय गर्नुपर्‍यो भन्ने माग गर्दैछन् । यसैका लागि नेपालीले प्रम बालेन साहलाई साहस र हौसला दिनुपरेको छ ।

**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

◆ जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, वायु र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
◆ बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
◆ वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
◆ नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
◆ वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
◆ जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
◆ प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
◆ जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ब्रिक्सको नयाँ चरण : सहकार्य र समावेशी विश्वव्यवस्था

प्रेम सागर पौडेल–






विश्व राजनीति अहिले बहुध्रुवीयताको विस्तार र गहिरिँदो ध्रुवीकरणबीच अघि बढिरहेको छ । पुराना शक्ति केन्द्र प्रभावशाली नै छन्, तर अन्तर्राष्ट्रिय निर्णय प्रक्रियामा उनीहरूको एकाधिकार क्रमशः खुम्चिँदै गएको छ । आर्थिक क्षमता, प्रविधि, ऊर्जा, जनसांख्यिक शक्ति र राजनीतिक प्रभावका नयाँ केन्द्र उदाइरहेका छन् । यही संक्रमणबीच नयाँदिल्लीमा सम्पन्न १८औं ब्रिक्स शिखर सम्मेलनको १४० बुँदे घोषणापत्रलाई बुझ्नुपर्छ । यसलाई पश्चिमविरोधी अथवा सामान्य कूटनीतिक वक्तव्य ठान्नु पनि भूल हुनेछ । यसको मूल सन्देश स्पष्ट छ : टकराव होइन, पुनर्सन्तुलन ।

ब्रिक्सको विकासक्रम बदलिँदो विश्व अर्थतन्त्रको प्रतिबिम्ब हो । सन् २००१ मा ब्राजिल, रूस, भारत र चीनलाई समेटेर प्रयोग गरिएको "ब्रिक" शब्द मूलतः उदाउँदा अर्थतन्त्रको सम्भावना वर्णन गर्ने अवधारणा थियो । सन् २००६ मा चार देशका विदेश मन्त्रीबीच औपचारिक संवाद शुरू भयो । सन् २००९ मा येकाटेरिनबर्गमा पहिलो शिखर सम्मेलन भयो । दक्षिण अफ्रिका जोडिएपछि ब्रिक्सले संस्थागत स्वरूप विस्तार गर्‍यो । आज यो राजनीति, विकास, वित्त, प्रविधि, ऊर्जा, सुरक्षा, संस्कृति र जनस्तरीय सहकार्य समेट्ने व्यापक मञ्च बनेको छ । नयाँदिल्ली घोषणापत्रले यही क्रमिक विकासलाई अघि बढाएको छ ।

ब्रिक्सलाई जी७, जी२०, शाङ्घाई सहयोग संगठन वा नेटोको प्रतिलिपि मान्न पनि मिल्दैन । प्रत्येक संरचनाको उद्देश्य र ऐतिहासिक पृष्ठभूमि फरक छ । ब्रिक्सको विशिष्टता यसको विविधतामा छ । चीन, भारत र रूसजस्ता प्रमुख शक्तिदेखि ब्राजिल, दक्षिण अफ्रिका र नयाँ सदस्यसम्म फरक राजनीतिक प्रणाली, विकास अवस्था र क्षेत्रीय प्राथमिकता एउटै मञ्चमा छन् । राष्ट्रसंघ, विश्व व्यापार संगठन, आइएएफ र विश्व बैंकलाई सुधार गर्न खोज्नु ब्रिक्सको यही पक्ष हो ।

निर्माणवादी दृष्टिले "ग्लोबल साउथ" को राजनीतिक अर्थ महत्वपूर्ण हुन्छ । ब्रिक्सले विकासशील संसारलाई अन्तर्राष्ट्रिय निर्णय प्रक्रियामा पर्याप्त प्रतिनिधित्व नपाएका देशहरूको व्यापक आवाजका रूपमा प्रस्तुत गरेको छ । वित्तीय विविधीकरण, डलर विरोध होइन, नयाँदिल्ली घोषणापत्रको बुँदा ९० संयमित छ ।

नयाँ विकास बैंक यस दिशाको महत्वपूर्ण उपलब्धि हो । एक सय अर्ब डलर अधिकृत पूँजीसहित स्थापना भएको बैंकले पूर्वाधार, स्वच्छ ऊर्जा, यातायात, पानी, शहरी विकास र डिजिटल परियोजनामा आफ्नो उपस्थिति विस्तार गरेको छ । आकस्मिक सञ्चिति व्यवस्थाले वित्तीय अस्थिरताको समयमा थप सुरक्षाजालको अवधारणा दिएको छ । ब्रिक्सलाई कार्यान्वयनमुखी संरचनातर्फ लगेका छन् ।

ब्रिक्सको भावी प्रभाव चीन, भारत र रूसबीचको सहकार्यसँग गहिरो रूपमा जोडिएको छ । यी देशका राष्ट्रिय हित पूर्णतः समान छैनन् । तर, अन्तर्राष्ट्रिय संस्थामा विकासशील राष्ट्रको प्रतिनिधित्व बढाउने, बहुपक्षीयता सुदृढ गर्ने, व्यापारिक अवरोध कम गर्ने, ऊर्जा सुरक्षा बलियो बनाउने र प्रविधिमा विकासशील संसारको पहुँच विस्तार गर्ने विषयमा पर्याप्त साझा आधार छ ।

चीन र भारतको सम्बन्ध विशेष महत्वको छ । दुई देशबीच सीमा र रणनीतिक प्रतिस्पर्धा सम्बन्धी जटिलता रहे पनि उनीहरू एशियाका दुई विशाल सभ्यता, प्रमुख अर्थतन्त्र र विश्व व्यवस्थाका निर्णायक शक्ति हुन् । ब्रिक्सले मतभेदभन्दा बाहिर साझा हितका क्षेत्रमा निरन्तर संवाद गर्ने संस्थागत ठाउँ दिएको छ ।

भारतले २०२६ को अध्यक्षता मार्फत सहमति निर्माण, विकास केन्द्रित कार्यसूची र विविध सदस्यलाई एउटै घोषणापत्रमा जोड्ने महत्वपूर्ण कूटनीतिक भूमिका खेलेको छ । चीनले औद्योगिक क्षमता, व्यापार, प्रविधि र पूर्वाधार अनुभव मार्फत समूहको आर्थिक आधारलाई बल दिएको छ । रूसले ऊर्जा, विज्ञान, सुरक्षा संवाद र बहुध्रुवीय विश्व व्यवस्थाको अवधारणामा दीर्घ योगदान दिएको छ । ब्राजिल र दक्षिण अफ्रिकाले विकास, सामाजिक समावेशिता र ग्लोबल साउथको प्रतिनिधित्वमा थप सन्तुलन दिएका छन् । यी क्षमतालाई जोड्न सक्नु ब्रिक्सको दीर्घकालीन उपलब्धि हुनेछ ।

आतंकवाद सम्बन्धी बुँदा ४० विशेष महत्वपूर्ण छ । अप्रिल २२, २०२५ को जम्मु कश्मीर आतंकवादी आक्रमणको निन्दा गर्दै घोषणापत्रले सीमापार आतंकवादी आवागमन, वित्तपोषण र सुरक्षित आश्रयविरूद्ध सहकार्य आवश्यक रहेको जनाएको छ । आतंकवादलाई धर्म, राष्ट्रियता, सभ्यता वा जातीय समुदायसँग नजोड्न तथा यसको सामना गर्दा दोहोरो मापदण्ड नअपनाउन आग्रह गरिएको छ ।

नयाँदिल्ली घोषणापत्रको सबैभन्दा भविष्यमुखी पक्ष कृत्रिम बुद्धिमत्ता र डिजिटल सहकार्य हो । बुँदा ८१ ले कृत्रिम बुद्धिमत्तालाई आर्थिक वृद्धि र दिगो विकासको साधन मान्दै सुरक्षा, विश्वसनीयता, समावेशिता र पहुँचलाई जोड दिएको छ ।

चीनको औद्योगिक र कृत्रिम बुद्धिमत्ता क्षमता, भारतको डिजिटल सार्वजनिक पूर्वाधार र विशाल प्रविधि जनशक्ति तथा रूसको वैज्ञानिक अनुसन्धान क्षमता प्रतिस्पर्धी होइनन् । संस्थागत सहकार्य प्रभावकारी भए तिनले संयुक्त अनुसन्धान, प्राविधिक मापदण्ड र विकासशील देशमा प्रविधि पहुँच विस्तारका आधार दिन सक्छन् ।

ऊर्जा सम्बन्धी बुँदा ६४ देखि ६७ ले ब्रिक्सको विकास केन्द्रित दृष्टिकोण देखाउँछन् । यो दृष्टिकोण विकासशील देशको वास्तविक आवश्यकतासँग नजिक छ । ऊर्जा सुरक्षा, औद्योगिकीकरण, गरिबी न्यूनीकरण र उत्सर्जन कटौतीलाई एकैपटक सम्बोधन गर्नुपर्ने चुनौतीलाई घोषणापत्रले स्वीकार गरेको छ । चीनको स्वच्छ ऊर्जा उत्पादन क्षमता, भारतको नवीकरणीय ऊर्जा विस्तार, ब्राजिलको जैविक ऊर्जा अनुभव र रूसको ऊर्जा तथा आणविक प्रविधि विशेषज्ञता परस्पर सहयोगका महत्वपूर्ण आधार बन्न सक्छन् । ग्लोबल साउथ एउटै राजनीतिक वा आर्थिक इकाइ होइन । अफ्रिका, दक्षिण एशिया, ल्याटिन अमेरिका र मध्यपूर्वका आवश्यकता फरक छन् । ब्रिक्सको महत्व सबै विकासशील राष्ट्रका मुद्दालाई अन्तर्राष्ट्रिय कार्यसूचीको केन्द्रमा ल्याउने क्षमतामा छ ।

नेपालका लागि ब्रिक्सको प्रश्न पक्ष वा विपक्षको होइन । राष्ट्रिय हितको हो ।

पहिलो, संस्थागत तयारी आवश्यक छ । परराष्ट्र र अर्थ मन्त्रालयको संयुक्त नेतृत्वमा नेपाल राष्ट्र बैंक, राष्ट्रिय योजना आयोग, ऊर्जा, उद्योग, सञ्चार तथा विपद व्यवस्थापन निकाय समेटिएको स्थायी अध्ययन संयन्त्र बनाउन सकिन्छ ।

दोस्रो, क्षेत्रीय सहकार्यलाई आर्थिक परिणामसँग जोड्नुपर्छ । चीन र भारत दुवैसँग सन्तुलित, पारदर्शी र परियोजनामुखी सम्बन्ध नेपालको हितमा छ ।

तेस्रो, हिमालयी सुरक्षा र प्रविधिलाई क्षेत्रीय सहकार्यको आधार बनाउनुपर्छ । नेपालको नीति सूत्र सरल हुन सक्छ : सबैसँग मित्रवत सम्बन्ध, उपयोगी संयन्त्रसँग सहकार्य र प्रत्येक प्रस्तावको मूल्याङ्कन राष्ट्रिय हितका आधारमा ।

ब्रिक्सको आगामी चरण घोषणाभन्दा कार्यान्वयनमा केन्द्रित हुनेछ । स्थानीय मुद्रा, विकास वित्त, कृत्रिम बुद्धिमत्ता, ऊर्जा संक्रमण र विश्व संस्थाको सुधारमा हासिल हुने परिणामले यसको दीर्घकालीन प्रभाव निर्धारण गर्नेछ ।

सन् २०२७ मा चीनले अध्यक्षता सम्हाल्दा नयाँदिल्लीमा बनेको सहमतिलाई थप संस्थागत रूप दिने अवसर आउनेछ । भारतको २०२६ अध्यक्षताले विस्तृत कार्यसूची र सहमतिको आधार तयार गरेको छ । चीनसँग त्यसलाई आर्थिक, प्राविधिक र विकास परियोजनामा थप गहिरो बनाउने क्षमता छ । भारत, चीन, रूस, ब्राजिल, दक्षिण अफ्रिका र अन्य सदस्यका क्षमतालाई परस्पर पूरक बनाउँदै अघि बढ्न सके ब्रिक्सले बहुध्रुवीयतालाई टकरावको भाषाबाट सहकार्यको संरचनामा रूपान्तरण गर्न महत्वपूर्ण योगदान दिन सक्छ ।

ब्रिक्सलाई पश्चिमको विकल्प मात्र भनेर हेर्नु यसको सम्भावनालाई साँघुरो बनाउनु हो । यसको अझ महत्वपूर्ण भूमिका विश्व व्यवस्थामा थप आवाज, थप विकल्प र थप सहकार्यको ठाउँ सिर्जना गर्नु हुन सक्छ । यस्तो व्यवस्था पश्चिमविरोधी हुन जरूरी छैन । त्यो बढी प्रतिनिधिमूलक, सन्तुलित र समावेशी हुनसक्छ ।

नेपालका लागि पनि यही दृष्टिकोण उपयोगी छ । चीनसँगको मित्रवत सम्बन्ध, भारतसँगको गहिरो ऐतिहासिक र आर्थिक सम्बन्ध, रूससहित अन्य ब्रिक्स राष्ट्रसँगको परम्परागत मैत्रीलाई प्रतिस्पर्धी ध्रुवमा राख्नु आवश्यक छैन । ती सबैसँग राष्ट्रिय हितमा आधारित सहकार्य विस्तार गर्नु नै नेपालको दीर्घकालीन कूटनीतिक शक्ति हो । इतिहासले दस्तावेजको भाषा मात्र पढ्दैन । घोषणापत्रको लम्बाइले होइन, कार्यान्वयनको गहिराइले इतिहास लेख्छ ।

*लेखकः प्रेम सागर पौडेल नेपाली पत्रकार, अन्तर्राष्ट्रिय मामिला विश्लेषक तथा नेपाल-चीन पारस्परिक सहयोग समाजका अध्यक्ष हुनुहुन्छ ।*

